लेखापरीक्षण प्रतिवेदन

बुढिगंगा नगरपालिका, बाजुरा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बुढिगंगा नगरपालिका, बाजुरा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/46

श्रीमान् नगर प्रमुखज्यू,
बुढिगंगा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, बाजुरा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/46

श्रीमान् नगर प्रमुखज्यू ,

बुढीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बाजुरा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाकाको आय र व्यय तर्फ रू.१ अर्ब २९ करोड ३९ लाख ८५ हजारको लेखापरीक्षणबाट रू.२ करोड ४५ लाख ३६ हजार बेरुजू देखिएकोमा असुल गर्नुपर्ने रू.३२ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २३ लाख ७३ हजार, नियमित गर्नुपर्ने रू.५८ लाख १० हजार र पेश्की बाँकी रू.८ लाख गरी जम्मा रू.२ करोड ४५ लाख ३६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.२४ करोड ९१ लाख ५९ हजारमा यो वर्ष सम्परीक्षण भएको रू.४ लाख ९३ हजार घटाइ बाँकी बेरुजुमा यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.२७ करोड ३२ लाख ३ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरगपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
१०५	११९	२,४५,३६,४३३	०	०	०	०	१०५	११९	२,४५,३६,४३३	३२,४८,२२२	५८,०९,९९०	१,२३,७२,८९८	०	०	२,०४,८८,२१२	८,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बाजुरा	२४,९१,५८,७५४	०	४,९२,६५०	२४,८६,६६,१०४	०	२,४५,३६,४३३	२७,३२,०२,५३७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	४४	बैदेशिक भ्रमण	४,९२,६५०
जम्मा				४,९२,६५०

बुढीगंगा नगरपालिका, बाजुरा

(८०७६९४०३३००)

बुढीगंगा नगरपालिका , बाजुरा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिसुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिकअभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवाप्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। क्षेत्रफल ५९.७ वर्ग किलोमिटर भएको यस नगरपालिकामा १० वडा तथा २१६७७ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।२० देखि २०८२।०५।२७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूतरूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- नगरपालिकाको आय-व्ययतर्फ रू.१ अर्ब २९ करोड ३९ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। नगरपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आर्थिक वर्ष २०८१।८२

आर्थिक कारोबारको एकिकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		२६२२०५७३।७२	चालु खर्च		३४९१५३३३१।७३
१.संचित कोष	१७३८५६८०।१३		१. पालिका तर्फ	११७९५३८७५।३०	
२.धरौटी	९१४५९७७।५९		२. संघीय सशर्त	१९४२९९५६४।१४	
३.विविध खर्च खाता	-३११०८४।००		३. प्रदेश सशर्त	३००००००० । ००	
यस वर्षको आय			पुँजीगत खर्च		१६४७५४४४१।००
१.आन्तरिक आय	३०९२९३९।६५	३०९२९३९।६५	१. पालिका तर्फ	१०८६२४८४७।००	
२. वित्तीय हस्तान्तरण (संघ)		४६४८०५७०९।१३	२. संघीय सशर्त	१८०८०५५४।००	
क) समानीकरण अनुदान	१०५७९९२८०।००		३. संघीय समपुरक	२१५६४२२७।००	
ख) राजस्व बाँडफाँट	७८३०५८७७।१३		४.संघीय विशेष	३००००००० ।००	
ग) सशर्त अनुदान	२३१४०८२५०।००		५.प्रदेश सशर्त	१६४८४८१३।००	
घ) विशेष अनुदान	३००००००० ।००		अन्तर सरकारी अख्तियारी (संघ)		११२०३३०१६।०२
ङ) समपुरक अनुदान अनुदान	१९२९२३०२।००		क)सामाजिक सुरक्षा	१०४७९९८३४।७२	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		४५३३३२२०।६९	ङ)विद्यालय शिक्षा क्षेत्र योजना	११४६०००।०	
क) समानीकरण अनुदान	१०८११०००।००		च)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५३४५४५१।३	
ख) राजस्व बाँडफाँट	५०७६४६९।१९		छ)घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र	७४१७३०।००	
ग) सशर्त अनुदान	१९०२००००।००		**धरौटी फिर्ता सदर स्याहा**	८९९१०७९।००	८९९१०७९।००
घ) समपुरक अनुदान	३९२५७५१।५		विविध खर्च खाता	३९१०४५०।००	३९१०४५०।००
ङ) विशेष अनुदान	६५००००० ।००		स्थानीय तहप्रकोप व्यवस्थापन कोष खाता	१२५५००००।००	१२५५००००।००
४. अन्तर सरकारी अख्तियारी (संघ)		११२०३३०१६।०२	**अनुदान फिर्ता**		२१३५०४८३।८६
क) सामाजिक सुरक्षा	१०४७९९८३४।७२		१. संघ तर्फ	१९५१७१३९।८६	

ङ) विद्यालय शिक्षा क्षेत्र योजना	११४६०००।००		२. प्रदेश तर्फ	१८३३३४४।००	
च) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५३४५४५१।३		तेस्रो पक्षभुक्तानी (सोझै भुक्तानी)	३०१९५०।७१	३०१९५०।७१
छ) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र	७४१७३०।००		**अन्तिम मौज्दात**		-८६२७७०१।११
५. विविध खर्च खाता	३३१५९२।००	३३१५९२।००	१. संचित कोषको मौज्दात	-४९४२६५७।७०	
६. स्थानीय तह प्रकोप	१२६०००००।००	१२६०००००।००	२. धरौटी	१५४८९८।५९	
			३. विविध खर्च खाता	-३८८९९४२।००	
			४. स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	५००००।००	
जम्मा	**६६४४१७०५१।२१**	**६६४४१७०५१।२१**	**जम्मा**	**६८७५१७१५८।९२**	**६६४४१७०५१।२१**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक ब्यवस्थापन**

२.१ **नियन्त्रण प्रणालीः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

क) वजेट व्यवस्थापनतर्फः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको ।

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दिर्घकालीन योजना तयार नगरेको ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका तयार नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

ख) भ्रमण खर्च व्यवस्थापनतर्फः

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

ग) खरिद व्यवस्थापन तर्फः

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको ।

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा बाँकी कामको मुल्यांकन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको ।

घ) शिक्षातर्फः

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालय ३ को दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक नगरेको ।

विविध तर्फः

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न नगरेको । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखी खर्च गर्ने परिपाटी रहेको ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख नराखेको ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति(३ गाविस) का नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको।

• नगरपालिकाले तयार गरेको २ तल्ले (१ तल्ला जस्ताको छाना भएको) सूचना केन्द्र भवनको उपयोग नगरेको तथा १ कोठा क्लिनिकको रुपमा प्रयोग गरेकोमा घरभाडा प्राप्त नगरेको ।

• नगरपालिका रहेकै स्थानमा तयार भएको २ कोठे क्यान्टिन उपयोग नगरेको ।

• नगरपालिकाले फोहोर ब्यवस्थापन सम्बन्धी ठोस कार्य नगरेको ।

• करार कर्मचारीहरु छनौटमा प्रतिपर्धात्मक विधि छनौट नगरेको ।

• नगरपालिका भित्र रहेका भवनलगायतका सार्वजनिक संरचनाहरु पहिचान गरी उपयोग नगरेको ।

• कर्मचारी कल्याण कोषमा रु १३ लाख २०७६।७७ मा स्थापना गरेतापनि यो वर्षसम्म रकम जम्मा नगरेको ।

• नगरपालिका भित्र रहेको जग्गा अतिक्रमणको अभिलेख नराखेको । (स्थलगत निरीक्षण २०८२।५।२५ मा सोधपुछ गर्दा वडा नं. ४ को चोरमारे र लुडकेखान तथा वडा नं. ६ बाम्कामा जग्गा अतिक्रमण भएको जानकारी प्राप्त)

• जिन्सी निरीक्षण नगरेको (कर्मचारी परिवर्तन भएको कारण जनाएको)।

• आन्तरिक लेखापरीक्षण नभएको (आन्तरिक लेखापरीक्षक कार्यरत नरहेको)।

• अधिकृत सातौं नरेन्द्र नाथ (बिगतमा निमित्त प्रमुख प्रशासकीय अधिकृत) लाई जिम्मेवारीविहिन अवस्थामा राखेको ।

उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, भरपर्दो र विश्वसनीय बनाउनुपर्दछ ।

२.२ **कार्यक्रम संचालनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(च) अनुसार कार्यक्रम संचालन गर्दा संभव भएसम्म कर्मचारीलाई पेश्की नदिई मितब्ययिता कायम हुने गरी प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्ने ब्यवस्था छ । नगरपा ालिकामा कार्यरत देहायका कर्मचारीले आफ्नै खातामा पाउने तलव तथा भत्ताका अतिरिक्त कार्यक्रम संचालन/खरिद पेश्की समेत लिई बार्षिक रुपमा करकट्टि पछिको खुद भुक्तानी लिएको पाइयो ।प्रतिस्पर्धाबाट खरिद गर्नुपर्ने मालसामान तथा सेवा आफैंले खरिद गरेको देखिएको (सूत्र सफ्टवेयरबाट प्राप्त विवरणबाट) छ । नियममा तोकिए अनुसार कार्यक्रम संचालन गरी सम्बन्धितलाई नै भुक्तानी गर्ने ब्यवस्था मिलाई प्रतिस्पर्धा मार्फत खरिद कार्य गरी सम्बन्धित आपुर्तिकर्ताकै नाममा भुक्तानी हुने तथा पेश्की दिई कार्यक्रम संचालन गर्दा मितब्ययी हुने तरिका नअपनाई गरेको खर्च मनासिब देखिएन । यसप्रकारले गर्ने खर्चमा नियन्त्रण गरी कार्यक्रम संचालन गर्न आवश्यक पर्ने सामान र सेवाको विवरण/सुची तयार गरी प्रतिस्पर्धा मार्फत खरिद गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

कर्मचारीको नाम थर	पद	यो वर्ष प्राप्त खुद रु	खर्चको मुख्य ब्यहोरा
जयराम न्यौपाने	अधिकृत सातौ शिक्षा	२४६२८४४।००	निजले राष्ट्रपति रनिङ शिल्ड संचालन पेश्की रु ११०००००।००, परीक्षा संचालनको रु ४२४५९९।०० समेत लिएको ।
दल बहादुर कटुवाल	पोषण सहजकर्ता	१२५२५७९।००	नगरसभा संचालन पेश्की रु २०००००।००, कार्यक्रम भ्रमण खर्च समेत ।
मिन बहादुर बुढा	सहायक चौथो	६१४००२४।००	औजार खरिद, तालिम रु १८०००००।०० समेत
खडक बहादुर बम	सूचना प्रविधि अधिकृत	११३२६२८।००	योजना सफ्टवेयर खरिद पेश्की रु ५०००००।००, न्यायीक समिति कार्यसंचालन पेश्की २५००००।०० समेत
दिपक बहादुर थापा	नाप्रास कृषि	३१४२०५७।००	कार्यक्रम संचालन पेश्की रु १४१५०००।०० समेत

२.३ **कट्टि रकम भुक्तानी/दाखिला गर्न बाँकीः** आयकर ऐन २०५८ को दफा ८७-८९ अनुसार कट्टि भएका रकम दाखिला गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले पेश गरेको बित्तीय विवरण(मलेपफानं २०७-०१) मा यो वर्ष कट्टि रकम भुक्तानी/दाखिला गर्न ऋणात्मक बाँकी रु ९७०५१९९।७९ उल्लेख गरेको छ । नगरपालिकाले उक्त रकम एकीन गरी नियमानुसार सम्बन्धित खातामा कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९७,०५,१९९.७९

२.४ **आय दाखिलाः** नगरपालिकाको आर्थिक ऐन २०८१ अनुसार संकलित आम्दानी दाखिला गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले संकलन गरेको/गर्नुपर्ने देहाय अनुसारको आय दाखिला गरेको देखिएन । उक्त रकम नियमानुसार सुद सहित नगरपालिकाको खातामा दाखिला गर्नुपर्ने रु

क्रम	कर्मचारीको नाम	असुली रकम
२.४.१	अमिर रिफल्जेण्ट स्कुल वडा १, कक्षा थप (३ कक्षा) शुल्क छुट	५,०००
२.४.२	वडा नम्बर १० का सचिव भरत उपाध्याय	५,८०७
२.४.३	वडा नम्बर १ का सचिव लोकेश रोकाया	९१४
२.४.४	वडा नम्बर २ का सचिव धनराज जैसी	४,०४६
२.४.५	वडा नम्बर ३ का सचिव शेर अधिकारी	२,७७४
२.४.६	वडा नम्बर ५ का सचिव माया थापा	८,६९७
२.४.७	वडा नम्बर ६ का सचिव भरत जैसी	८,१०१
२.४.८	वडा नम्बर ७ का सचिव भुवन जैसी	३२०
२.४.९	वडा नम्बर ८ का सचिव विवेक शाह	५,९६८
२.४.१०	वडा नम्बर ९ का सचिव कुबेर सिंह	५,३५०
२.४.११	सनलाइट बोर्डिङ स्कुल (वडा २ बाट ८ मा ठाउँसारी शुल्क)	५,०००

असुल गर्नुपर्ने	५१,९७७

२.५ **राजश्व छुटः** स्थानीय सरकार संचालन ऐन २०७४ मा पालिकाले तय गरेको राजश्वका दर घटाउन नसकिने (नगरपालिकाको आर्थिक ऐन २०८१।८२ मा उल्लेखित राजस्वका दरमा छुट दिन नसकिने) उल्लेख छ । नगरपालिकाले हेभी इक्विपमेण्ट संचालन कार्यविधि २०७९ मा कायम भएको भाडादर नगर कार्यपालिकाको २०८२।०१।२५ को निर्णय अनुसार व्याकहो लोडरको इन्धनसहितको प्रतिघण्टा भाडा रु ३०००।०० रहेकोमा रु २०००।०० कायम गरेको छ। यस प्रकारको छूटबाट नगरपालिकाको आम्दानी घट्न जाने भएकोले निर्णयकर्तालाई जिम्मेवार बनाउनुपर्दछ ।

२.६ **सेवा प्रवेश उमेरः** निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५० मा सेवा प्रवेशको उमेर पुरुषको हकमा ३५ र महिलाको ४० वर्ष हुने उल्लेख छ । नगरपालिकाले तयार गरेको सामुदायिक सिकाई केन्द्रमा सामाजिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि २०८१ को दफा ३(ख) मा संशोधन गरी १८ वर्ष पूरा भई ४५ वर्षको ननाघेको राख्ने गरी नगर कार्यपालिका (२१ सदस्यीय) को २०८१।१०।२५ को निर्णय गरेको छ । यसरी ऐन नियममा भएको व्यहोरालाई सीमित ब्यक्ति/वर्गलाई लाभ हुने गरी निर्णय गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

३ वित्तीय विवरण परीक्षण

३.१ **वित्तीय विवरणको यथार्थता-** नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न नेपाल सरकारले(महालेखा नियन्त्रक कार्यालय) स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) व्यवस्था गरेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०४७९९८३५।०० विद्यालय शिक्षा क्षेत्र योजनाको रू. ११४६०००।०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको ५३४५४५१।०० र घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रसमेत गरी रु.११२०३३०१६।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **फरक हिसाब** – यस नगरपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै आर्थिक कारोबार कारोबार समेटेको छैन। लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति भुक्तानीमा रु. ११२०३३०१६।०० फरक परेतापनि मौज्दात रकम भिडेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गत वर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२६२२०५७३।७२	५२६१६३४६२।००	५३९६६१२५२।००	(८६२७७०१।११)
एकीकृत आर्थिक विवरणअनुसार	२६२२०५७३।७२	६३८१९६४७८	६५१६९४२६८	(८६२७७०१।११)
फरक	०	११२०३३०१६।००	११२०३३०१६।००	०

३.३ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबारआय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	श्रेस्ता अनुसार	बैंक अनुसार	फरक
आन्तरिक राजस्व खाता	५९५२९८	८१७७०६	२२२४०८
चालू खर्च खाता- जोर वर्ष	-१०२८८४५	७१९७१६	१७४८५६१
पुँजीगत खर्च खाता- जोर वर्ष	-४९५९५८१	०	४९५९५८१
विविध खर्च खाता	-३८८९९४२	०	३८८९९४२
स्थानीय तह धरौटी खाता	१५४८९९	११८५२३७३	११६९७४७५
स्थानीय तह सञ्चित कोष खाता	४५०४७०	११२८२९३	६७७८२३
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	५००००	०	-५००००
स्थानीय तह विविध कोष खाता	०	१३०००००	१३०००००
विशेष कोष खाता	०	७८९००६	७८९००६
स्थानीय तह आकस्मिक कोष खाता	०	१२०६४१२	१२०६४१२
जम्मा	(८६२७७०१)	१७८१३५०७	९१८५८०६

स्रेस्ता अनुसार मौज्दात रु. (८६२७७०१) र बैङ्क स्टेटमेन्टनुसार वर्षान्तको मौज्दात रु. १७८१३५०७ बीचको फरक हिसाब रू. ९१८५८०६।०० को पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

३.४ **अनुदान फिर्ता**– आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्तभएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको सशर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू. २३०५३२४।००संघ तथा प्रदेश अनुदानको रकम बढी फिर्ता भएको छ। बढी फिर्ता भएको रकम शोधभर्ना लिनुपर्ने रू.

बजेट	अनुदान	प्राप्ति	खर्च	फिर्तागर्नुपर्ने	फिर्ताभएको	फरक
संघ	सशर्त अनुदान चालु	२१२५३३२५०	१९४२९९५६४	१८२३३६८६	१७६७८१४२	५५५५४४
	सशर्त अनुदान पुँजीगत	१८८७५०००	१८०८०५५४	७९४४४६	८७३६५७	-७९२११
	विषेश अनुदान चालु	३००००००००	३००००००००	०	०	०
	समपूरक अनुदान पुँजीगत	१९२९२३०२	२१५६४२२७	-२२७१९२५	९६५३४१	-३२३७२६६
प्रदेश	शसर्त अनुदान चालु	१०२००००	९२२२५०	९७७५०	९७७५०	०
	सशर्त अनुदान पुँजीगत	१८००००००	१६४८४८१३	१५१५१८७	१५१५१८७	०
	विषेश अनुदान चालु	६५००००००	६२७९५९३	२२०४०७	२२०४०७	०
	समपुरक अनुदान पुँजीगत	३९२५७५२	३४७०१४३	४५५६०९	०	४५५६०९
जम्मा		३१०१४६३०४	२९११०११४४	१९०४५१५९	२१३५०४८४	(२३०५३२४)

सोधभर्ना नलिएको	२३,०५,३२४

४ परिपालनाको लेखापरीक्षण

४.१ **अनुदानको अनुगमन** -समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा न ११ मा अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सञ्चालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत सञ्चालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणालीको विकास गरेको देखिंदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी सञ्चालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

क्र स	स्रोत	संचालित योजनाहरु	बजेट खर्च
१	संघीय समपुरक अनुदान	ताप्रीसेरा देखी गा वि स भवन सम्म सडक कालोपत्रे।	१४८५५२२७।००
२		स्वास्थ्य डेल्टा आटिचौर सडक मर्मत तथा स्तरोन्नति	६७०९०००।००
३	प्रदेस समपुरक अनुदान	बुढिगंगा नगरपालिकाको डम्पिङ साइड निर्माण	८०००००।००
४		ब्रहमतोला खेलकुद मैदान त्रःमागत	२६७०१४३।०

४.२ **सेवा प्रवाहको स्थिति**-स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका १० वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध विच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलब्ध

गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

सि.नं.	विवरण	जम्मा
१	स्वीकृत घरनक्सा दर्ता पास	०
	पञ्जिकरणतर्फ	
२	जन्मदर्ता	१०७३
३	मृत्युदर्ता	२२२
४	बसाईसराई दर्ता	५१
५	विवाह दर्ता	२९२
६	सम्बन्धविच्छेद दर्ता	५

४.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

४.४ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

४.५ **बजेट सीमा निर्धारण समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.६ **बजेट तथा कार्यक्रम तर्जुमा** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता

पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

४.७ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।१० मा रु. ५३६५२०००।००को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

४.८ **विनियोजन ऐन पारित नभई भएको/ गरिएको खर्च**– आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ५ मा विनियोजन ऐन प्रारम्भ भएपछि स्वीकृत बजेट विवरणको अधीनमा रही सञ्चित कोषबाट भुक्तानी/निकासा दिने व्यवस्था छ। नगरपालिकाले विनियोजन ऐन पारित नगरी स्थानीय सञ्चित कोषबाट खर्च लेखेको छ। यसरी सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्न अधिकार दिने ऐन पारित नगरी भएको खर्च कानुनसम्मत भएको देखिदैन।अत: पालिकाले विनियोजन ऐन पारित गरी सञ्चित कोषबाट खर्च लेख्ने तर्फ ध्यान दिनुपर्दछ।

४.९ **योजना प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.६ आयोजना प्राथमिकीकरण, छनौट र कार्यान्वयनको लागि स्वीकृत गर्ने सम्बन्धी व्यवस्था छ। जस अनुसार स्थानीय आयोजना बैङ्कको सूचीमा समाविष्ट आयोजनालाई प्राथमिकीकरण र आयोजना तत्परता मूल्याङ्कन (Project Readiness Assessment) का आधारमा थप जाँच गर्नुपर्ने र आयोजनाको प्राथमिकीकरणका लागि मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाका लागि सोही दिग्दर्शनको अनुसूची-११ मा प्रस्तुत भए बमोजिमको आधार तथा विधि अवलम्बन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार १० वडाको लागि वडागत रु १३१४००००।०० र पालिकास्तरका लागि रु ८५९०००००।०० गरी कुल ९९०४००००।०० योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	२१	१५	५	१
२.	वडास्तरीय	४८	०	२०	२८

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ७९ योजनामात्र कार्यान्वियन भई १ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

४.१० **लक्ष्य प्रगति**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिकप्रगतिस्थिति					
		शून्यप्रगति	१-२५%	२५-५०%	५०-७५%	७५-१००%	कुल खर्च
३११००	१०९	१५	१	३	५	८५	१६४७५४४४१

लक्ष्य अनुसारको प्रगती हासिल गर्न पालिकाको ध्यान दिनुपर्छ ।

४.११ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबैभन्दा बढी ९८.०१ प्रतिशत र सामाजिक विकासमा सबै भन्दा घटीमा ८२.६९ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालीन तथा दीर्घकालीन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नुपर्दछ।

क्र.सं.	**क्षेत्र/उपक्षेत्र**	**विनियोजन**	**खर्च**	**खर्च (%)**
१	आर्थिकविकास	१७६४००००।००	१५३४२१९१।५०	८६.९७
२	सामाजिकविकास	२५०९९१०००।००	२०७७९०२८९।२०	८२.७९
३	पूर्वाधारविकास	११२७९००००।००	१०१३८२४७६।००	८९.८९
४	सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र	७५८००००।००	७४२९१११।००	९८.०१
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	१७६८१९०७५।८९	१६०७०१४२८।७४	९०.८८
कुल जम्मा		५६५८२००७५।८९	४९२६४५४९६।४४	८७.०६

४.१२ **खर्च विश्लेषण** -पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २३८०३५०राजस्व बाँडफाँड र अनुदानबाट रु. ५३९०७३००० समेत रु. ५४४०७३००० आम्दानी भएकोमा चालु तर्फ रु.३४९४५५०००।०० र पुँजीगत तर्फ रु.१९७४५१०००।०० समेत रु. ५४६९०६०००।०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ५।५ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु. ८८६०५००।०० खर्च भएको छ जुन आन्तरिक आयको २९२।५२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८८।८३ प्रतिशत चालु र ८३।४४ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

४.१३ **त्रैमासिक पुँजीगत खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	कुल खर्च रु	त्रैमासिक खर्च रु				आषाढ महिनाको खर्च रु
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१६४७५४४४१.०	३९८१६०८१.०	१३५९२७६०.५०	१६६१८३२४.०	९४७२७२७५.५०	६०५६८०३१.५०
प्रतिशत	१००.००	२४.१७	८.२५	१०.०९	५७.५०	३६.७६

माथि उल्लेख भए अनुसार यो वर्ष पुँजीगत खर्च रू.१६ करोड ४७ लाख ५४ हजार भएकोमा प्रथम त्रैमासिकमा रू.३ करोड ९८ लाख १६ हजार अर्थात २४.१७ प्रतिशत, दोस्रो त्रैमासिकमा रू.१ करोड ३५ लाख ९२ हजार अर्थात ८.२५ प्रतिशत, तेस्रो त्रैमासिकमा

रू.१ करोड ६६ लाख १८ हजार अर्थात १०.०९ प्रतिशत र चौथो त्रैमासिकमा रू. ९ करोड ४७ लाख २७ हजार अर्थात ५७.५ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू. ६ करोड ५ लाख ६८ हजार अर्थात ३६.७६ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिकरुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.१४ **मध्यमकालीन खर्च संरचना-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तीनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८१।८२ को बजेट तर्जुमाको बखत मध्यमकालिन खर्च संरचनामा तयार गरेको छ। मध्यमकालिन खर्च संरचनामा तयार नगर्दा आवधिक योजना र वार्षिक बजेट बिच तादम्यता कायम गर्नुपर्छ। पालिकाले आवधिक योजना र वार्षिक बजेटबिच तादम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालिन खर्च संरचना तयार गरी कार्यान्वियन गर्नु पर्दछ।

४.१५ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यस आ.व. मा २ पटक भएको देखियो।तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

४.१६ **आन्तरिक लेखापरीक्षण शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम बढ्ने संभावना रहन्छ। यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४.१७ **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

४.१८ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

४.१९ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट -** स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८४।२५अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले थप संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

४.२० **कानून र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ८३ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन , ३ नियमावलीहरु, ४९ कार्यविधि लगायत ८३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले ८३ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको पाइयो। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ।

४.२१ **न्यायिक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी कुनै पनि मुद्दा देखिदैन। मुद्दा दर्ता भएमा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

४.२२ **सहकारी नियमन**- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

४.२३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेको छ। लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २२ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत शिक्षा ९ औँ, लेखाअधिकृत सहित ३९पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

४.२४ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक स्वास्थ्यका कर्मचारी, , सहायक पाँचौ, सहायक चौथो लगायत १४२ जना कर्मचारीहरु करारमा नियुक्त गरी तलव भत्ता रू. ३४९२६००३।०० भुक्तानी गरेको पाइयो। पालिकाले ऐनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

४.२५ **पदाधिकारी सुविधा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.९७,५०,५००.०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.३०९२९३९।६५रहेको छ।जुन आन्तरिक आयको ३१५.२ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनुपर्दछ।

४.२६ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी बैठक भत्ता वापत रू. १७,४६,७००.०० र कर्मचारीको बैठक भत्ता वाफत रू. २,५०,०००.०० समेत गरी जम्मा रू.१९९६७०० खर्च गरेको देखियो। जुन आन्तरिक आयको रू. ३०९२९३९।६५ तुलनामा ६४.५ प्रतिशत हो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

४.२७ **आर्थिक सहायता**- पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु. ४५००००।००आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३०९२९३९।६५ को १४।५४ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

४.२८ **वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले विपद व्यवस्थापन, भुकम्प १९ राहत पुर्नस्थापना, आर्थिक सहयोग जस्ता शीर्षकबाट १५ कम्बल ,१५ पाल खरिद गरी जिएम टेड्रसबाट खरिल गरिएको विगतको स्टकबाट वितरण भएको छ। खरिद गरेको सामग्री मध्ये पालिकाले ३० थान सामग्री वडाहरुमा वितरणको लागि पठाएकोमा सिरक, पाइपलायतका रु १००००००।०० वितरण पेश भएतापनि बाँकी मौज्दातको ,वितरणको प्रमाणित भरपाई पेश भएको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैंन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ। देहायनुसार सामाग्री खरिद गरेको भएपनि वितरण नगरी मौज्दात राखेको छ। साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई पालिकाले संलग्न नगरेको हुँदा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरणको भरपाई पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१०,००,०००

४.२९ **विविध तथा सभा संञ्चालन खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष सबै वडामा समेत गरी विविधतर्फ (खाजा, खाना , अतिथि सत्कार लगायत) रु. २७६७५४०।००खर्च गरेको र सभा सञ्चालनतर्फ रु. ३५१७१० छ। सो उक्त खर्च पालिकाको आन्तरिक आयरु. ३०९२९३९।६५ को ८९।४७ प्रतिशत हुन आउँछ।यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यवस्था हुनुपर्दछ।

४.३० **वडाको विविध खर्च**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गतका निम्नानुसार वडा कार्यालयहरुलाई विभिन्न मितिमा विविध शीर्षकबाट वडालाई रू.४०००००।०० भुक्तानी गरेको छ। विवधि खर्च वडा कार्यालयहरुको खाना नास्ता, खाद्य सामग्री तथा अन्य सामानहरु खरिद गरेको बिल भरपाईको आधारमा खर्च लेखेको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्च बीच आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

वडानं.	खर्च रकम	वडा नं.	खर्च रकम
१	४००००।००	६	४००००।००
२	४००००।००	७	४००००।००
३	४००००।००	८	४००००।००
४	४००००।००	९	४००००।००
५	४००००।००	१०	४००००।००
	जम्मा		४०००००।००

४.३१ **अतिथि सत्कार खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष अतिथि सत्कारमा रु. ७९८९७५।०० खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आयको २५।८३ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यवस्था हुनुपर्दछ।

४.३२ **इन्धन खर्च-** अर्थ मन्त्रालयबाट जारी कार्यसंचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। यस वर्ष इन्धनमा कर्मचारीको लागि रु. ३०००००।०० र कार्यालय प्रयोजनमा रू. ७५०१५०।००, पदाधिकारीको लागि रू. ६३०२५०।०० र सार्वजनिक निर्माणमा रु. ३९७५३१।०० गरी रू. २०७७९३१।०० इन्धनमा खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनुपर्दछ।

४.३३ **मर्मत सम्भार खर्च-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रिया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्येसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा देहाय अनुसार सवारी साधनमा रहेकोमा सवारी साधनहरुको मर्मतमा रू.१०,२४,६००।००खर्च गरेको छ। Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी मर्मत खर्च गर्दा तोकिएका फारमहरुको प्रयोग गरी मर्मत खर्चलाई मितव्ययी र व्यवस्थित बनाउने तर्फ पालिकाको ध्यान दिनुपर्छ।

४.३४ **दुरी प्रमाणित-** भ्रमण खर्च नियमावली, २०६४ को नियम १० को उपनियम (१) मा बीस किलोमिटरभन्दा बढी दूरी भएको अर्को कार्यालयमा सरुवा, बढुवा वा कायम मुकायम मुकरर भई जाने पदाधिकारी वा कर्मचारीले तोकिए बमोजिमको दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ।पालिकाले कार्यालयको काम कारवाहिको लागि पालिकास्थित विभिन्न स्थानमा भ्रमण गरे वापत कर्मचारी तथा पदाधिकारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा दुरी प्रमाणित गरेको पाइएन।यसरी दुरी प्रमाणित नगरी दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा नियमानुसारको २० किलोमिटरको दूरी पुग्ने नपुग्ने यकिन गर्न सकिएन। स्थानीय तह भित्र भ्रमण भत्ता भुक्तानी गर्दा दुरी प्रमाणित गरी नियमानुसार २० कि मि भन्दा बढि दुरीको भ्रमण भएको पुष्टि भए पश्चातमात्र भ्रमण भत्ता भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ।

४.३५ **भ्रमण खर्च र अभिलेख -** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा

खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारीलाई भ्रमण खर्च स्वरुप रू. २,३७,९५०।०० र अन्य भ्रमण खर्च रू. १५,९९,९८७.० गरी जम्मा रू. १८३७९३७।००खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

४.३६ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ

रु. हजारमा

सम्पत्ति	**प्राप्त मिति**	**संख्या**	**खरिद/प्राप्ति मूल्य**	**कैफियत**
घर जग्गा क्षेत्रफल र संख्या सहित		१७२५ वर्ग किमि		
सवारी साधन (रु.१ लाखभन्दा बढी)	२०८२।०३।१०		३८२३३७९९।००	नयाँ खरिद
उपकरण (रु.१ लाखभन्दा बढी)	ब्याक हो लोडर र ट्रिपर २०७७।७८			

पालिकाले जिन्सी सामग्रीको यथार्थ लगत राखि जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम जिन्सी मालसामानहरुको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार मर्मत, सम्भार तथा लिलाम बिक्री गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

४.३७ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

४.३८ **जिन्सी ब्यवस्थापन**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· पालिकाले गत विगतवर्षको मौज्दात रहेका र यसवर्षखरिद भएका समननहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

४.३९ **विपद् व्यवस्थापन समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरिएको देखियो। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई थप सक्रिय बनाउनुपर्दछ।

४.४० **विपद् व्यवस्थापन कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छ। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनुपर्दछ।

४.४१ **विपद व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रु. ४०००००।०० र यो वर्ष रु. १००००००।०० आम्दानी प्राप्त भएकोमा कोषबाट यो बर्षमा रु. ७१२००००।०० खर्च भई रु. ६८८०००।०० बाँकी रहेको देखीयो। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

४.४२ **विपद् व्यवस्थापन वार्षिक प्रतिबेदन** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइयो। ऐनमा भएको व्यवस्थाको थप प्रभावकारी पालना हुनुपर्दछ।

४.४३ **मसलन्द तथा कार्यालय सामग्री** - सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू. ५७,४२,४४७.९० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

४.४४ **घरभाडा खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष घरभाडातर्फ रू. ७०,९५०।०० खर्च गरेको छ। यस पालिकाले आफ्नो कार्यालयको भवनको अतिरिक्त विभिन्न अन्य भवनहरु पनि भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

४.४५ **योजना कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक रणनितिका विषय, क्षेत्रगत र दीर्घकालिन विकास योजना लागु गर्नु पर्ने व्यवस्था छ। उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमुलक तथा छिटो प्रतिफल दिने जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने स्थानीयहरुको सहभागिता जुट्ने, स्वंय सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने लैङ्गिक समानता र समावेशीकरण अभिवृद्धि हुने महिला बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छनोट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक वार्षिक रणनितिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना नबनाई साना साना टुक्रे कामका लागि बजेट विनियोजन गरी खर्च गर्ने गरेको देखिन्छ। साथै छनोट भएका योजनाहरु कार्यान्वियन गर्दा एकै प्रकृतिका कामहरु सम्भव भएसम्म एउटै प्याकेज बनाई खरिदमा प्रतिष्पर्धा गराई लागत प्रभावी ढंगबाट काम गर्नु पर्नेमा धेरै निर्माणकार्य उपभोक्ता समिति मार्फत एंव दररेट माग गरी साना फर्मबाट खरिद एंव निर्माण कार्य गराउने गरेको कारण गुणस्तर, दिगो एवं दीर्घकालिन आय आर्जन र रोजगारीमा योगदान पुग्ने खालका निर्माण कार्यहरु न्यून मात्रामा भएको देखियो। पालिकाले ठुला एवं दीर्घकालिन रोजगारी सृजना र आयआर्जन तथा जीवनस्तर उकास्ने खालका योजना तर्जुमा र कार्यान्वियन गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ।

४.४६ **कार्यक्रमगत प्रगति प्रतिवेदन** - प्रत्येक कार्यक्रम कार्यन्वयन कार्यविधिमा कार्यक्रमको प्रगति तथा अनुगमन प्रतिवेदन बनाउनु पर्ने व्यवस्था छ। जसबाट सबै सूचना प्राप्त गर्नुका साथै कार्यक्रमको सारांस प्राप्त गर्न सकियोस। पालिकाबाट यो वर्ष संचालित कार्यक्रमहरु अन्र्तगत वितरण गरेका अनुदान रकम, लाभान्वित लाभग्राहीहरु, प्राप्त उपलव्धि लगायतका सचनाहरु एकिकृत र खण्डिकृतरुपमा प्राप्त हुन सक्ने गरी प्रगति वितरण तयार गरेको देखियो। जसले नगरपालिकाबाट अनुदान वितरण गरेका व्यक्ति तथा संस्थाको संख्या तथा विवरण प्राप्त हुन सकेन। जसले गर्दा प्रगति समिक्षा गर्न सकिएन।

४.४७ **पत्रपत्रिकाको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ अनुसार सरकारी खर्चमा मितव्ययिता अपनाई शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने एवं सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था छ। नगरपालिकाले यो वर्ष पत्रपत्रिकामा शुभकामना प्रकाशनमा निम्नानुसार संचार गृहहरुलाई रू.४९४०५०।०० भुक्तानी गरेको पाईयो।तसर्थ यसप्रकारको खर्चमा नियन्त्रण कायम गरी सार्वजनिक स्रोतको मितव्ययी उपयोग हुनु पर्दछ। यसका केही नमुना देहायबमोजिम छन:

भौचर नं./ मिति	शीर्षक	भुक्तानी प्राप्तकर्ताको नाम	खर्च रु.
३३२-२६।१२।२०८१	नगरपालिका स्तरीय संचार मेडिया परिचालन तथाडकुमेन्ट्री निर्माण	गगन बाणी मिडिया हाउस	२००००।००
३७४ -१९।०१।२०८२	नगरपालिका स्तरीय संचार मेडिया परिचालन तथाडकुमेन्ट्री निर्माण	बुम इन्टनेशनल	५६५००।००
४१५-१२।०२।२०८२	नगरपालिका स्तरीय संचार मेडिया परिचालन तथाडकुमेन्ट्री निर्माण	कामना टेलिभिजन प्रा.लि.	३९,५५०।००

४.४८ **सुचना प्रविधिको प्रयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को निमय १२९ मा कार्यालयले लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वा लेखा सम्बन्धी कारोवार गर्न महालेखा नियन्त्रक कार्यालय तथा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ। नगरपालिकाले कर संकलनलाई व्यवस्थित गर्ने उद्देश्यले सुचना प्रणाली तथा सफ्टवेयर संचालनमा ल्याएकोमा नियमावलीको प्रावधान अनुसार सम्बन्धित निकाय (सुचना प्रविधि विभाग) बाट स्वीकृति लिएको पाइएको देखिएन। नगरपालिकाले नियमावलीको पालना गर्नुपर्दछ।

५ विविध खर्च परीक्षण

५.१ **सवारी साधन भाडा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानी नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनुपर्ने उल्लेख छ। नगरपालिकाले यो वर्ष सवारी साधन भाडामा रू.१०,२४,६००।०० खर्च गरेको छ। कार्यालयको सामान्य कामकाजमा जाँदा पनि गाडी भाडामा लिई प्रयोग गर्ने गरेको, एकजना व्यक्ति मात्र कार्यालयको काममा जानुपर्ने अवस्थामा पनि गाडी भाडामा लिई प्रयोग गरेको पाइयो। पालिकाबाट हुने प्रायःजसो कार्यक्रम, तालिम, गोष्ठी आदिको लागि भाडामा लिने परिपाटी देखिएकोले पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययी हुनुपर्ने र रकम भुक्तानी पश्चात रकमको उपयोग सम्बन्धमा प्रतिवेदन पेश हुनुपर्दछ।

५.२ **रकमान्तर** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदा ३.१ मा पूँजीगत खर्चको रूपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ। यो वर्ष पालिकाले १८ योजना तथा कार्यक्रमबाट रू.१ करोड ४७ लाख ३२ हजार घटाएकोमा ४२ योजना तथा कार्याक्रममा रू. १ करोड ४७ लाख ३२ हजार वढाएको देखिन्छ। पालिकाले ११ चालु प्रकृतिका योजना तथा कार्यक्रमबाट रू.८५ लाख ३२ हजार रकमान्तर गर्दा २५ चालु प्रकृतिका योजनामा रू. ८५ लाख ३२ हजार र १७ पुजीगत योजनामा रू. ६२ लाख रकमान्तर गरी वढाएको देखियो। बजेट विनियोजन तथा योजना तर्जुमा दक्षता हासिल गर्नुपर्दछ।

५.३ **योजना तर्जुमा तथा कार्यान्वयन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना १५ योजनामा रू.९ लाख २८ हजार र रू.१ लाख देखि ५ लाख सम्मका ३५ योजनामा रू.९१ लाख ७७ हजार खर्च गरेको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

विवरण	योजना संख्या	बजेट खर्च रु
रु.१ लाख सम्म	१५	९२८१७२
रु.१ देखि ५ लाख सम्म	३५	९१७७१९२
रु.५ देखि १० लाख सम्म	२०	१७६०४५३०
रु.१० देखि २० लाख सम्म	१२	१४९४३४४८
रु.२० देखि ५० लाख सम्म	६	१८१५७६९२
रु.५० लाख देखि माथी	६	१०३९४३४०७
जम्मा	९४	१६४७५४४४१

५.४ **तलवी प्रतिवेदन** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। नगरपालिकाले यस वर्ष पालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित

नगरी रू. १,४१,८३,७१७।४० तलव खर्च लेखिएकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। नगरपालिकाले ऐन एवं परिपत्रको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

६ सक्कल बिल बिजक बेगर भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले देहायका भुक्तानीहरु सक्कल बिल बेगर भुक्तानी गरेको छ जसबाट खर्चको यथार्थता तथा सार्वजनिक कोषको सदुपयोग भएको सुनिश्चित हुन सकिदैंन ।यसर्थ, सक्कल बिल प्रमाण पेश गर्नुपर्ने रू.

क्र.सं.	गो भा नं.	विवरण	रकम	बिजक नं.
१	६३४-२०८२।३।५	रविन्द्र ट्रेडर्सबाट मसलन्द तथा कार्यालय सामग्री खरिद	८९९४८	४९८
जम्मा			८९९४८	

प्रमाण पेश नगरेको	८९,९४८

७ सुचना प्रशारणमा नियमको पालना

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६(क) को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२) (ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन । पालिकाबाट विज्ञापन तथा सूचना प्रशारण बापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु.

गो.भा.नं.।मिति	नाम	कर लाग्ने रु	३ प्रतिशत हुने रु	कैफियत
४५२-२०८२।३।१	गौमुल मिडिया हाउस	५००००	१५००	
५०१-२०८२।३।९	बैज्ञानिक रुपान्तरण	३८०००	११४०	
१८७-२०८२।३।२५	त्रिलक्ष्मी एडभरटाइजिङ सर्भिस प्रा.लि.	१२००००	३६००	पालिका पुँजीगतबाट
जम्मा			६२४०	

प्रमाण पेश नगरेको	६,२४०

८ एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति

एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति वितरण कार्यविधि, २०७८ (प्रथम संशोधन) को दफा ३ को उपदफा ४ (छ) मा चिकित्साशास्त्र अध्ययनका लागि चालु आर्थिक वर्षमा प्रथम वर्ष वा प्रथम सेमेस्टरमा भर्ना भएको हुनुपर्ने वा प्रथम वर्ष अध्ययनरत हुनुपर्ने भन्ने व्यवस्था गरिएको छ।सोही व्यवस्थालाई आधार मानी यस वर्ष North East Medical College, Sylhet, Bangladesh मा अध्ययनरत छात्र श्री लोकेश विकलाई अध्ययन सकिए पश्चात नेपाल सरकारले तोकेको मापदण्डमा रहि अनिवार्यरुपमा पालिकामा सेवा गर्ने कवुलियतनामा

नगरि यस वर्ष ३,२०,००० भुक्तानी गरेको छ। यसरी छात्रवृत्ति कार्यक्रममा छनौट गर्दा सम्बन्धित वडा कार्यालयले विद्यार्थिलाई आर्थिक रुपमा विपन्न व्यक्ति भनि सिफारिस समेत गरेको पाइएन। विपन्न वर्ग छात्रवृत्तिको मर्म अनुसार वास्तविक विपन्न व्यक्ति जसले भर्ना समेत गर्न नसक्ने अवस्थाको हुन्छ । त्यस्ता व्यक्तिलाई अवसर प्रदान गर्न सक्ने गरी कार्यविधि तथा मापदण्ड पुनरावलोकन हुनुपर्दछ ।

९ बिल भरपाई वेगर रकम भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले बिल भरपाई वेगर निम्नानुसार भुक्तानी गरेको रकमको प्रमाण पेश गर्नुपर्ने रू.

क्र.सं.	भौ.नं. र मिति	विवरण	रकम	कैफियत
१	३५६-२०८१।१२।२९	रनिगचौलानी गार्मेन्ट उद्योगबाट (रनिङ शिल्ड) भुक्तानी	१०००००।००	कुनै प्रकारको बिल भरपाई सहायक कागजात नभएको
२	४३२-२०८२।२।१७	यनाईटेड लाईफ इन्सुरेन्स पल्सर १५० सिसि १० थानको बिमालेख जारी भएको	६७४०३।००	
जम्मा			१६७४०३।००	

प्रमाण पेश नगरेको	१,६७,४०३

१० कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्येसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा ६५ कर्मचारीहरु करारमा राखी रू. १,४२,९०,१५८.५६ खर्च लेखेको छ साथै दरबन्दी बेगरका खेल प्रशिक्षक, मनोसामाजिक संयोजक, कृषि प्राविधिक, पशु प्राविधिक र कार्यालय सहयोगी आदीका करार कर्मचारीरु ४१ जना राखि रु.३०३२००० खर्च गरेको छ।।उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएका देखिएनन। साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो। कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पूर्ती गर्नुपर्दछ र दरबन्दी बाहिरका करार कर्मचारीहरुको तलब नियमित गर्नुपर्ने रू.

अनियमित भएको	३०,३२,०००

११ अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। नमुना परीक्षणको क्रममा पालिकाले आफ्नो कार्य क्षेत्रभन्दा बाहिरको कार्यालयको लागि गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गरी नियमित गर्नुपर्ने रू.

गो.भा.नं./ मिति	विवरण	प्रयोजन	खर्चरकम
२०-२०८१।६।२०	प्रहरीचौकी टाँटे	नेटजडान	२१०००।००
३१४-२०८१।१२।२०	प्रहरी चौकी टाँटे	मसलन्द खरिद	१८५००।००
जम्मा			३९५००।००

अनियमित भएको	३९,५००

१२ **लागत अनुमान बेगर खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्यको हकमा बाहेक एक लाख भन्दा माथिको खरिद कार्य गर्न लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिका विभिन्न मितिमा देहायबमोजिमका खरिद कार्य गर्दा लागत अनुमान तयार गरेको देखिएन। यसर्थ पालिकाले नियमानुसार लागत अनुमान बनाइ खरिद कार्य गर्नुपर्दछ।

क्र.सं.	भौ.नं. र मिति	विवरण	रकम
१	२६६-२९८१।१२।९	प्राप्ती भेट सेवाबाट औषधी खरिद	७०४४८०।००
२	२६७-२०८१।१२।९	युनिक एग्रोभेट सेन्टरबाट औषधी खरिद	३०१८९८।००
३	३५१।२०८१।१२।२९	आई एम ई अटोमोटिभ्सबाट डोजर मर्मत	
		खरिद	९८०५५८।००
६	३७८-२०८२।१।१९	एम के अफिस सप्लायर्सबाट मसलन्द तथा कार्यालय सामग्री खरिद	६२१९९३।००
७	१५४-२०८२।१।३(संघिय चालु)	जया इन्टरनेशनल व्याडमिण्टन कोर्ट विथ म्याट एक्सेसोरिज साथै फोम म्याट	५७२३४५।००
८	३१३-२०८२।३।२९(संघिय चालु)	पृथक मेशिनरी ऐण्ड सप्लायर्सबाट मसलन्द खरिद	४८०००४।००
९	३१७-२०८२।३।२२(संघिय चालु)	बन्दना एस. ट्रेडर्सबाट सिलाई मेशीन, कटिङ मेशिन आदि खरिद	९३०९६८।००
१०	३१८-२०८२।३।२२(संघिय चालु)	२ थान FZ SD 149CC Red colourमोटरसाइकल खरिद	६२५७९३।००
जम्मा			७७०५४३२।००

१३ **कम राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। सोही ऐनको दफा ३० हानीनोक्सानी सम्बन्धित व्यक्तिबाट असुल उपर गरिने व्यवस्था छ। नगरपालिकाका १० वडामध्ये ३ वडाका नगदी रसिद परिक्षण कम राजस्व दाखिला गरेको पाइयो । देहायका नामका वडा सचिवबाट संकलित भन्दा कम राजस्वको सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने रु.

व्यक्तिको नाम	दाखिला हुनुपर्ने रकम	दाखिला भएको रकम	फरक	१० प्रतिशत जरिवाना सहित असुल उपर हुने रकम
वडा सचिव लोकेश रोकाया	५७९५३।१४	५६५४०।००	१४१३।१४	१५५४।५४
वडा सचिव भरत उपाध्याय	१७९३८६।००	१५२२०४।००	२७१८२	२९९००।२०
जम्मा	२३७३३९।१४	२०८७४४।००	२८५९५।१४	३१४५४।७४

असुल गर्नुपर्ने	३१,४५४.७४

१४ आन्तरिक आयतर्फ

१४.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५००००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ३०९२९३९।६५ अर्थात अनुमान भन्दा ३८।१६ प्रतिशत बढी/ घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१४.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५३९०७३०००।००	३०९२९३९।६५	०।५३

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५३ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१४.३ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आ.व.	आय अनुमान	संकलित रकम	प्रतिशत
२०७९/८०	४२०००००	२३८६६१४।४८	५६।२४
२०८०/८१	४७०००००	२३८३५९७।६६	५०।७१
२०८१/८२	५००००००।०००	३०९२९३९।६५	६१।८५

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आ.व. २०७९/८० मा रु ४२००००० आय अनुमान गरिएकोमा रु. २३८३५९७।६६ अर्थात ५६।२४ प्रतिशत संकलन भएको छ। त्यसै गरी आ.व. २०८०/८१ मा रु. ४७००००० आय अनुमान गरिएकोमा रु. २३८३५९७।६६अर्थात ५०।७१प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८१/८२ मा रु. ५००००० आय अनुमान गरिएकोमा रु.३०९२९३९।६५ (६१।८५प्रतिशत) आयप्राप्त भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय घट्दोक्रममा छ। पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको अंश न्यून रहेको देखिन्छ। अत: पालिकालेआफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायरामा ल्याई आन्तरिक आय वृद्धि गर्नेतर्फ जोड दिनुपर्दछ।

१४.४ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १२०००।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ।

१४.५

सवारी कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

१४.६ **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/८२ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकन गरी असुल गर्नुपर्दछ।

१४.७ **विज्ञापन कर**- नेपालको संविधानको अनुसूची ९ को बुँदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्याख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्स्ट्राग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। सामाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनुपर्दछ।

१४.८ **रसिद नियन्त्रण खाता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ९ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। सोही ऐनको दफा ७२(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले राजश्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। पालिकाले म.ले.प.फा.नं. ९०४ बमोजिम रसिदको प्रयोगलाई रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनुपर्दछ। साथै राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्दछ।

१४.९ **ढिला राजस्व दाखिला गरेको**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गतका अधिकांश वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव ६महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखीयो।यस सम्बन्धमा भौगोलिक विकटता र सबै स्थानमा सहज बैङ्किङ् पँहुच नभएको कारणले समयमा राजस्व दाखिला हुन नसकिएको प्रतिक्रीया प्राप्त भएता पनि कानुनको पालनामा नगरपालिकाको ध्यान जानुपर्दछ।

१४.१०**कम्प्युटर लेखा प्रणाली**- पालिकाले लेखा दोहोरो लेखा प्रणाली बमोजिम आर्थिक कारोवारलाई नियमित र व्यवस्थित गर्न प्रचलनमा रहेको सफ्टवेयर साङ्ग्रीला कम्पनीको आय प्रणाली र कर प्रणालीप्रयोग गरेको पाइयो।पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी आन्तरिक आय अर्न्तगत रु. ३०९२९३९।६५आय देखाएको पाइयो।प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परीक्षण गर्न सकिएन।सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परीक्षणको सीमा भन्दा बाहिर रहेको छ।

उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष IT Audit गराउनु पर्ने देखिन्छ।उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

१४.११ **आन्तरिक आयको परिक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५९ मा जुनसुकै माध्यमबाट प्राप्त भएको राजस्व रकम स्वीकृतराजस्व वर्गिकरण र व्यख्या बमोजिम लगति तथा हसवली राजस्व आम्दानी दाखिला गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुसार राजस्व लेखा अद्यावधिकगर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष साङ्ग्रीला कम्पनीको आय लेखा र मालपोत लेखा नामक सुचना प्रणालीको माध्यमबाट कुल राजस्व रू. ३०९२९३९।६५ देखाएकोमा पालिकाले सञ्चालन गरेको सुत्र नामक सफ्टवेयरको माध्यमबाट रू. ३०९२९३९।६५ (संघीय तथा प्रदेशबाट हुने बाँडफाँटबाट प्राप्त हुने राजस्व रकम बाहेक) देखाएको छ। पालिका तथा वडा कार्यालयबाट संकलन हुनुपर्ने राजस्व पालिकालाई जानकारी विना राजस्व खातामा बैंक दाखिला भएकोले यस प्रकारको फरक देखा परेको भन्ने पालिकाको भनाई रहेकोछ। सुत्र तथा सफ्टवेयर दुबै प्रणालीको माध्यमबाट राजस्वको शीर्षक अन्तर्गतको विस्तृत विवरण तथा सम्बन्धित शिर्षकमा दाखिला गर्ने व्यक्तिको सूचि तथा रकमगत विवरण प्राप्त हुन सकेन। त्यसैगरी सुत्र र सफ्टवेयरबाट प्राप्त विवरण पनि एक आपसमा भिडान हुन सकेनन्। साथै मालपोत रसिदमा जग्गाको प्रकार (सिम, चहार, दोयम र अब्बल) उल्लेख नगरिएको, नक्सा अभिलेखिकरण वापतको राजस्व रसिदमा घरको क्षेत्रफल उल्लेख नगरेको कारण संकलन गरेको राजस्व यथार्थ हो भन्ने अवस्था छैन।तसर्थ पालिकाले राखेको राजस्वको हिसावको यथार्थता सुनिश्चित हुन सकेन। राजस्व सम्बन्धी खण्डिकृत र एकीकृत सबै सूचना प्राप्त हुने गरी हिसाव अद्यावधिक हुनुपर्दछ।

१४.१२ **पालिकाको डोजरबाट भएको सडक मर्मतको अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। सडक विभाग यान्त्रिक महाशाखाले मिति २०७७।१२।३१ मा जारी Norms rate of plant and machinery for estimation guidelines मा डोजर तथा एक्जाभेटरले माटो खन्ने काम गर्दा प्रति घण्टा १४.४० लिटर ईन्धन खपत हुने देखाएको छ। पालिकाले ईन्धन प्रयोग गरी आफ्नै डोजर प्रयोग गरी सडक मर्मत गरिएको भनि यो वर्ष निम्नानुसार ईन्धन खरिद गरी प्रयोग भएको विवरण पेश भएकोमा कुन सडक खण्डमा कति परिमाणको कार्य गर्न कति समय लाग्यो भन्ने मितिवद्ध अभिलेख राखेको पाईएन। तोकिएको प्रयोजनको लागि ईन्धन प्रयोग भएको प्रमाण अभिलेख साथ संलग्न हुनुपर्दछ।

क्र.सं.	**विवरण**	**ईन्धन आपुर्तिकर्ता/ इन्धन वापत भुक्तानी लिनेको नाम**	**ईन्धन खरिद बापतको भुक्तानी**
१	डिजल	राजेश आयल स्टोर	२०००००।००
२	डिजल	संजिव आयल स्टोर	१२५०००।००

१४.१३ **उपकरण परिचालनमा आम्दानी र खर्चको अवस्था-** पालिकामा एक्साभेटर, ट्रिपर, एम्बुलेन्स र ब्याकहो लोडर लगायतका उपकरण रहेकोमा सोको परिचालनबाट देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्।

सि.नं.	सामानको विवरण	खर्च रु.				जम्मा आम्दानी रु.
		इन्धन	चालक/हेल्परको तलब भत्ता	मर्मत खर्च	जम्मा खर्च	
१	स्कारपियो	१५००००।००	३२५०००।००	७७००००।००	१२४५०००।००	
३	व्याकहो लोडर	३२२०००।००	३२५०००।००	४९००००।००	११३७०००।००	०
४	टिप्पर	२५००००	२६००००।००	१९००००।००	७०००००।००	६००००।००
जम्मा		७२२०००।००	९१००००।००	१४५००००।००	३०८२०००।००	६००००।००

उल्लिखित उपकरणहरुको आम्दानी र खर्चको विश्लेषण गर्दा वर्ष भरी ६००००।०० आम्दानी देखिन्छ भने २३६००००।०० खर्च भएको देखिन्छ, जुन कुल आम्दानीको २५४।२३ प्रतिशत हुन आउँछ। यसमा एस्काभेटर र टिप्पर बाहेकका उपकरणमा आम्दानी भन्दा धेरै खर्च देखिन्छ। यसरी उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ती उपकरण उपयोग, परिचालनको लगसिट, लगानी र आय विश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन। खर्चको तुलनामा आय अधिक हुने गरी उल्लिखित उपकरणहरुको परिचालन हुनुपर्दछ।

१५ समाजिक सुरक्षा

१५.१ **सामाजिक सुरक्षा भत्ताको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८१।८२ मा १० वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण Electronic Fund Transfer बाट गरिएको छ। सामाजिक सुरक्षा भत्ता वितरणको System बाट दिइएको विवरण निम्नानुसार रहेको छ।

वडान	पहिलो किस्ता	दोस्रो किस्ता	तेर्सो किस्ता	चौथो किस्ता	कुल जम्मा
१	३२७२९३७।००	३२८६७९२।००	२९०००९७।००	२९३४९७७।००	१२३९४८०३।००
२	३२१८६००।००	३३२१९५७।००	३२९५२९४।००	२९८३४१३।००	१२८१९२६४।००
३	२७३७१५१।००	२७७१९९१।००	२४४६१२२।००	२४५८६८९।००	१०४१३९५३।००
४	३१०२२६०।००	३१२०८९४।००	३१४५४९३।००	२५४२०३७।००	११९१०६८४।००
५	२०३५०६०।००	२०४०४६८।००	१८३९४७७।००	२१०७५६१।००	८०२२५६६।००
६	१६१२६३९।००	१६२९१८७।००	१३७७१९१।००	३६६९३६१।७२	८२८८३७८।७२
७	२७५०४६५।००	२७४६९७५।००	२२३९८३६।००	२४३२३८७।००	१०१६९६६३।००
८	१६९५९०६।०००	१७३९९४७।००	१४९४०४०।००	१४९९८१०।००	६१२९७०३।००
९	२९४३६०२।००	२९४६३७५।००	२५६५०७९।००	२५८५७३२।००	११०४०७८८।००
१०	३४३४०३३।००	३५२५१७६।००	३२०४८३४।००	३१४५९८९।००	१३३१००३२।००
	कुल जम्मा				१०४७९९८३४।७२

१५.२ **निरीक्षण तथा अनुगमन** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन। पालिकाले कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्दछ।

१६ सवारी साधन खरिद

अर्थ मन्त्रालयबाट स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १२ थान दुई पांङ्ग्रे सवारी साधन खरिदमा रू. ३८०१८००।०० खर्च गरेको छ। पालिकाले आन्तरिक स्रोतले खाम्ने गरी मात्र सवारी साधन खरिद गर्नुपर्दछ।

१७ मालसमान तथा उपकरण खरिद-

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेसिफिकेसन उल्लेख गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेसिफिकेसनमा आधारित भई सम्झौता गर्नुपर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेसन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका मालसामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेसिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनी सम्बन्धित विषय विज्ञबाट निरीक्षण समेत भएको देखिएन । यसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता निहित भए नभएको एकिन गर्न सकिएन। साथै खरिद गरिएका देहायको मोटरसाईकलको वारेन्टी/ग्यारेन्टीको समेत अभिलेख राखेको पाइएन। मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनुपर्दछ।

भौ.नं. र मिति	**भुक्तानी प्राप्त गर्ने फर्मको नाम**	**खरिद गरिएको मालसामान**	**भुक्तानी भएको रु**
९३(२०८२।०२।१७) १५३(२०८२।०३।१७)	शुभेच्छा ट्रेडर्स एण्ड सप्लायर्स	पल्सर मोटरसाईकल १० थान	३१७६०००।००
३१८(२०८२।०३।२२) संघीय चालु		एफजेट मोटरसाईकल	६२५८००।००

१८ **जिन्सी दाखिला(पुँजिगत)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा खरिद गरेको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य खुलाई जिन्सी किताबमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७७/०७८ देखि सबै सरकारी कार्यालयहरुमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली(Public Assets Management System-PAMS) अनिवार्य रुपमा लागु गर्नुपर्ने भनी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १५३ मिति २०७७।०८।०७ को परिपत्र गरेको छ।नमूना परीक्षणको क्रममा पालिकाले यस आ.व. मा देहाय बमोजिमको सामग्रीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली(PAMS) मा दाखिला गरेको नदेखिएकोले PAMS दाखिला गरी प्रमाण पेश गर्नपर्ने रु.

भौ.नं. र मिति	**भुक्तानी प्राप्त गर्नेको नाम**	**भुक्तानी रकम**	**विवरण**
१७(२०८१।१०।२१)	लोकेश रोकाय	६३२८०	हिटर, कैची समेतका १८ वटा आइटम खरिल गरि बिल पेश गरीभुक्तानी लिएको उक्त सामग्रीहरुPAMS दाखिला गरेको प्रमाणपेश गर्नुपर्ने
१०१(२०८२।०२।२९)	भरतराज जैसी (६ नं. वडा सचिव)	१४००००	५ थान सोफासेट, १० थान बेन्च र १० थान स्टिल कुर्ची खरिद गरेको बिल पेश गरी भुक्तानी लिएकोमा उल्लिखित सामग्रीहरु PAMS दाखिला गरेको प्रमाणपेश गर्नुपर्ने
९०(२०८२।०२।१४)	बसन्त जैसी	२०००००	प्लाष्टिक कुर्ची ३० थान, सोफा सेट १ थान, टेबल १ थान लगायतका फर्निचर तथा फिक्चर्स सामग्रीहरु खरिद गरेको बिल पेश गरी रकम भुक्तानी लिएकोमा उक्त सामग्रीहरु PAMS दाखिला गरेको प्रमाणपेश गर्नुपर्ने
१६१(२०८२।०३।१८)	लोकेश रोकाय	५००००	टुटी, जिआइ पाइप, निप्पल, पोलिथिन पाईप, सकेट लगायतका सामग्री खरिद गरेको बिल पेश गरी रकम भुक्तानी लिएकोमा उक्त सामग्रीहरु PAMS दाखिला गरेको प्रमाणपेश गर्नुपर्ने
जम्मा		४५३२८०	

प्रमाण पेश नगरेको	४,५३,२८०

१९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक

समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ।नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमुना परीक्षणको क्रममायो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न फर्म तथा व्यक्तिहरुबाट फर्निचर तथा फिक्चर्स र इलेक्ट्रोनिक्स तथा कम्प्यूटर जन्य सामग्रीटुक्रा पारी खरिद गरेको देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन। अत:सीमा भन्दा बढी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ।

गो.भौ.नं. र मिति	व्यक्ति/फर्म/निर्माण व्यवसायी	खरिदको विवरण	भुक्तानी रकम
१७(२०८१।१०।२१) (पालिका पुँजिगत)	लोकेश रोकाय	वडा नं. १ कार्यालयको फर्निचर तथा फिक्चर्स	६३२८०
९०(२०८२।०२।१४) (पालिका पुँजिगत)	बसन्त जैसी	वडा नं. १० कार्यालयको फर्निचर तथा फिक्चर्स खरिद	२०००००
१०१(२०८२।०२।२९) (पालिका पुँजिगत)	भरतराज जैसी	६ नं. वडा कार्यालयको फर्निचर तथा फिक्चर्श खरिद	१४००००
१७६(२०८२।०३।२४) (पालिका पुँजिगत)	सि.के. त्रिवेणी स्टिल फर्निचर तथा ग्रिल उद्योग	वडा नं. ८,९,१०	१०१५९८२
४१(२०८१।१२।२०) (पालिका पुँजिगत)	श्री गणेश लक्ष्मी इन्टरप्राइजेज	२ वटा LED टिभी	२०१२००
१५९(२०८२।०३।१८) (पालिका पुँजिगत)	बानियाँ निर्माण तथा अर्डस सप्लायर्स	Biometric verification Device	१५९०००
३२०(२०८२।०३।२२) (संघीय चालु)	खडक बहादुर बम	ड्रोन र डटनेट फ्रेम वर्क जाभा स्क्रिप्ट	८४४११०
३३(२०८२।०३।२५) (संघीय पुँजिगत)	मालिका कम्प्यूटर सेन्टर	ल्यापटप खरिद	१४९१६०
३४(२०८२।०३।२५) (संघीय पुँजिगत)	मालिका कम्प्यूटर सेन्टर धनगढी	५ थान HP ल्यापटप खरिद गरेको	६५८२२५

२० **खर्च पुष्ट्याई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ बमोजिम रीतु पुगे नपुगेको चेक जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षणमा उल्लेख भए अनुसार पेश्की फछ्यौट रु. ७४१७३०।०० गर्दा संलग्न बिल भरपाई अनुसार रु.१३२९८।२७ को बिल भरपाई अपुग भएको देखिन्छ। उक्त रकम बराबरको बिल भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,२९८.२७

२१ **कार्यालय संचालन**

२१.१ **राजश्वको लेखाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजश्व दाखिला र राजश्वको लेखा एवं नियम ५९ मा राजश्व लेखा अद्यावधिक गर्नुपर्ने ब्यवस्था छ ।नगरपालिकाले प्राप्त गर्ने राजश्व (रु २२२३४२५।००) सेवाग्राही मार्फत सोझै वैंकमा दाखिला गरेतापनि सफ्टवेयर (न्यु रिम्स, newrims.fcgo.gov.np) मार्फत राजश्वको अभिलेख ब्यवस्थापन गर्ने कार्यमा प्रयोगकर्ता तथा सिफारिसकर्ता र स्वीकृतकर्ताको उपयोग नगरी एकै प्रयोगकर्ताले सवै कार्य गरेको तथा राजश्व जम्मा गरी सेवा नलिएकाको अभिलेख राखेको पाइएन । गोश्वरा भौचरसाथ रकम जम्मा गर्नेको विवरण खुलाएको छैन । राजश्वको श्रेस्ता पूर्णरुपमा

राखी सफ्टवेयरमै सेवा लिए नलिएको जनाई तोकिए अनुसार प्रयोगकर्ता तथा सिफारिसकर्ता र स्वीकृतकर्ताको उपयोग गरी राजश्व लेखा अद्यावधिक गर्नुपर्दछ ।

२१.२ **दरबारको संरक्षणः** स्थानीय सरकार संचालन ऐन २०७४ मा नगरपालिकालाई आफ्नो कार्यक्षेत्र भित्र रहेका प्राकृतिक तथा कृतिम साधन स्रोतको संरक्षण एवं महत्तम उपयोग गर्नुपर्ने उल्लेख छ । नगरपालिकाको वडा नं ४ मा रहेको साविकको बार्जुकोट दरबार पर्यटकीय तथा पुरातात्विक तवरले उपयोग हुन नसकेको मिति ०८२।५।२१ को स्थलगत निरीक्षणमा देखियो । उक्त दरबारको संरक्षण सम्बन्धमा पुरातत्व विभागसँग समेत समन्वय गरी उचित संरक्षणमा ध्यान दिनुपर्दछ ।



सार्वजनिक भवन।संरचनाः स्थलगत लेखापरीक्षणका क्रममा नगरपालिकाको पुरानो भवन नजिक रहेको देहायका भवन उपयोग गर्न नगरपालिकाले ध्यान दिएको पाइएन । साविक सबडिभिजन बन कार्यालय, नगरपालिका मातहतको सिप विकास केन्द्र तथा सूचना केन्द्र लगायतको भवनको उपयोग गरेको देखिएन । नगरपालिकाले तयार भएका सार्वजनिक भवन तथा संरचना पहिचान तथा अभिलेखांकन गरी महत्तम एवं वैकल्पिक उपयोग गर्न ध्यान दिनुपर्दछ ।

२१.३ **सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलनः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिमको तोकिएका सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले यस सम्बन्धमा प्रभावकारी कार्य सम्पादन गरेको देखिएन । यस सम्बन्धमा देखिएका थप ब्यहोराहरु निम्न छन ।

- सूचना अधिकारी तोकेको ।
- सूचना वर्गीकरण र अद्यावधिक नगरेको ।
- तीन-तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित नगरेको ।
- कार्यालयको वेवसाइट रहेको ।
- नगरपालिकासँग माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख नराखेको ।

उल्लिखित ब्यहोरालाई ध्यान दिई सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलनमा सहजीकरण र नागरिकमैत्री बनाउनुपर्दछ ।

२२ खर्च ब्यवस्थापन

२२.१ **कार्यालय संचालनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१(छ) मा सरकारी रकम खर्च गर्दा उपलव्ध स्रोत, साधन तथा सम्पतिको समुचित उपयोग भएको (गतवर्षको तुलनामा) सुनिश्चित हुनुपर्ने विषय समावेश छ । नगरपालिकाले यो वर्ष देहायका खर्च शीर्षकमा गतवर्षको तुलनामा उच्च बृद्धि गरेको पाइयो । वडा संख्या १० रहेको यो नगरपालिकाले यस्ता खर्चको पुनः मूल्यांकन तथा एकीन गरी यस्ता खर्चमा कटौती तथा नियन्त्रण गरी मितब्ययिता अपनाउनुपर्दछ ।

खर्च शीर्षक नं.	खर्च शीर्षक	खर्च रु	गतवर्षको खर्च रु	घट।बढ रु
२२७११	विविध खर्च	३०००००।००	५४५६०५।००	१४५६०५।०० बढेको ।
२२३११	मसलन्द तथा कार्यालय सामग्री	२४१०५३३।००	२३४६१९२।००	६४३४१।०० बढेको ।
२२२१२	इन्धन कार्यालय प्रयोजन	१७७८०४२।००	१५०००००।००	२७८०४२।०० बढेको ।
२२२२१	सवारी साधन मर्मत खर्च	५४५६०५।००	२१८०००।००	३२७६०५।०० बढेको ।

२२.२ **खर्चको उपलब्धिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा खर्चको औचित्यता समेत पुष्टि गर्नुपर्ने ब्यवस्था छ । नगरपाालिकाले देहाय अनुसार गरेको खर्च उपलव्धिमूलक भएको देखिएन । खर्चको उपलव्धि सुनिश्चित नहुने गरी खर्च गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

क्र.सं.	मालसामान/सेवाको विवरण	कामको विवरण	खर्च रु	कैफियत
१	रेभेन्यु म्यानेजमेण्ट, दर्ता चलानी एवं सेन्टरलाइज्ड सिफारिस सिष्टम-३ सफ्टवेयर	सफ्टवेयर उपयोग नभएको	९९४४००।००	२०८०।८१ मा खरिद
२	खेलकुद मैदान, सडक निर्माण समेत ६ डिपिआर	३ डिपिआर उपयोग नभएको	७४२४१०४।९०	२०७९।८० मा ५ र २०८०।८१ मा १ डिपिआर
३	भवन निर्माण इजाजतपत्र सहित नक्सापास गर्न १००० थान पुस्तक छपाई	हालसम्म शुरु नै नभएको नक्सापासको स्थिति	४९७२००।००	२०८१।८२ मा खरिद
४	ट्यावलेट ६ थान	उपयोग नभएको	३३२०००।००	२०८१।८२ मा प्राप्त ।
५	मोवाइल ८ थान	ब्यक्तिगत प्रकृतिको मालसामान	३६८३७०।००	२०८१।८२ मा रु ३००००।०० को १ थान सहित

२२.३ (३७-2082-03-23):

खर्च पुष्ट्याईः सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०८० को नियम ४० मा खर्चका पुष्ट्याई राख्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमबाट मनोसामाजिक परामर्श, कानूनी तथा सामाजिक सचेतना सम्बन्धी क्रियाकलाप संचालनार्थ रोजगार संयोजक गोविन्द वहादुर थापालाई रु ६५००००।०० पेश्की दिई फर्स्यौट गर्दा संलग्न गरेको श्रेस्तामा लागू पदार्थ सचेतना सम्बन्धी जनहितमा जारी सन्देशका लागि २ मिडिया हाउसलाई रु. १५००००।०० भुक्तानी गरेकोमा सन्देश जारी गर्ने संझौता गरेको देखिएन । मिडिया हाउसलाई नै भुक्तानी गर्नुपर्नेमा कर्मचारीलाई पेश्की दिई खर्च लेखेको नियमसम्मत देखिएन । उक्त खर्च नियमित गर्नुपर्ने रु...

अनियमित भएको	१,५०,०००

२२.४ (३७-2082-03-23):

कर दाखिलाः आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ मा कर कट्टि गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमबाट मनोसामाजिक परामर्श, कानूनी तथा सामाजिक सचेतना सम्बन्धी क्रियाकलाप संचालनार्थ रोजगार संयोजक गोविन्द वहादुर थापालाई रु ६५००००।०० पेश्की दिई फर्स्यौट गर्दा संलग्न गरेको श्रेस्तामा जनहितमा जारी सन्देशका लागि रु. १५००००।०० भुक्तानी गरेकोमा १५% अग्रीम कर रु २२५००।०० कट्टि गरेको देखिएन । उक्त रकम गोविन्द वहादुर थापाबाट असुल गरी दाखिला गर्नुपर्ने रु...

गोभौ ४६।२९।०३।२०८२ बाट सामुदायिक मनोसामाजिक संयोजक पुजा कुमारी थापाको सचेतना पेश्की रु २०००००।०० फर्छ्यौट गर्दा कट्टी भएको कर रु १९६५१।०० निजले दाखिला गरेको देखिएन। उक्त रकम पुजा कुमारी थापाबाट असुल गरी दाखिला गर्नुपर्ने रु

क्रम	कर्मचारीको नाम	असुली रकम
२२.४.१	रोजगार संयोजक गोविन्द वहादुर थापा	२२,५००
२२.४.२	सामुदायिक मनोसामाजिक संयोजक पुजाकुमारी थापा	१९,६५१

असुल गर्नुपर्ने	४२,१५१

२३ **कर विवरण**

२३.१ (२८-2082-03-18):

कर दाखिलाः सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०८० को नियम ३८ मा खर्चका श्रेस्ता अद्यावधिक गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमबाट मनोसामाजिक परामर्शकर्ता संयोजक पुजाकुमारी थापालाई रु २६०००००।०० भुक्तानी दिएको श्रेस्तामा १६ सहाराविहिन महिलालाई स्वरोजगारका लागि रु १६०००।०० का दरले रु २५६००००।०० भरपाई गरी भुक्तानी गरेको देखियो । नपुग रु ४०००।०० मनोसामाजिक परामर्शकर्ता संयोजक पुजाकुमारी थापाबाट असुल गर्नुपर्ने रु...

असुल गर्नुपर्ने	४,०००

२३.२ **ट्रिपर भाडाः** बुढीगंगा नगरपालिका हेभी ईकुप्मेन्ट संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ अनुसार भाडामा लगाई आम्दानी गर्ने व्यवस्था छ। नगरपालिकाको आर्थिक ऐन २०८१।८२ अनुसार (नगर कार्यपालिकाको विभिन्न मितिको निर्णय समेत) ट्रिपर (सुपप्र ००१ग १६५) को दैनिक भाडा रु १००००।०० हुने उल्लेख छ । लेखापरीक्षणका क्रममा ट्रिपर चालक चालकसँग सोधपुछ गर्दा प्राप्त विवरण अनुसारका ब्यक्तिबाट ४ आर्थिक वर्षको रु १७३८०००।०० ट्रिपर भाडा समयमा भुक्तानी गरेको पाइएन । यस सम्बन्धमा नगरपालिकाले छानवीन गरी देहायका व्यक्तिबाट बाँकी भाडा रकममा १० प्रतिशत सुद सहित असुल गर्नुपर्ने रु

व्यक्तिको नाम	ठेगाना	संचालन मिति	कार्य दिन	दर	जम्मा भाडा
अक्कल बुढा	हुम्ला	२०७९।९।१५-२०८०।२।२३	११३	१००००।००	११३००००।००
टेक बहादुर बुढा	त्रिवेणी नपा १ बाजुरा	२०७९।१।१-२०७९।१।३	३	८०००।००	२४०००।००
राम रेग्मी	बुढीगंगा नपा ५बाजुरा	२०७९।१।८-२०७९।१।१०	३	८०००।००	२४०००।००
सुरत बहादुर शाह	बुढीगंगा नपा ५बाजुरा	२०७९।१।20-२०७९।१।२७	८	८०००।००	६४०००।००
किरण थापा	बुढीगंगा नपा २ बाजुरा	२०८१।३।१६-2081।३।१८ २०८१।१२।११-२०८१।१२।१३	६	१००००।००	६००००।००
दिनेश रावत र दिर्घ साउद	त्रिवेणी नपा ४ बाजुरा	२०८१।१२।१८-२०८१।१२।२६	९	१००००।००	९००००।००
कर्ण महत	मार्तडी	२०८२।१।१३	१	१००००।००	१००००।००
जयराज उपाध्याय	बुढीगंगा नपा ३ बाजुरा	२०८२।१।२८-2082।३।३	३८	१००००।००	३८००००।००
हिमाल शाह	बुढीगंगा नपा ६ बाजुरा	२०७८।८।२६	१	६०००।००	६०००।००
	जम्मा				१७८८०००।००

असुल गर्नुपर्ने	१७,८८,०००

२३.३ **अन्य कार्यालय खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन अनुसार संघीय कार्यालय मातहतका इकाईमा वजेट खर्च गर्न नसकिने ब्यवस्था छ ।नगरपालिकाले वडा १ मा रहेको अस्थायी प्रहरी पोष्ट वल्देको टहरा निर्माणका लागि रु १०००००।०० वजेट विनियोजन गरेकोमा रु ९१२००।०० खर्च गरेको छ । तालुक निकायको स्वीकृति नलिई गरेको खर्च नियमित गर्नुपर्ने रु

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम वजेटवाट प्रहरी चौके टाँटेमा कार्यरत प्रहरी सहायक निरीक्षक विकास वहादुर थापालाई दुईपटक (गोभौ २७।२०८२।३।१७ र २०।०८२।३।१२) गरी लागू पदार्थ दुर्व्यसनी, लैंगिक हिंसा सहजकर्ताको दैनिक भ्रमण भत्ता रु. ४७६१६।०० (क्रमशः रु. २९३१६।०० र १८३००।००) खर्च लेखेको छ । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

अनियमित भएको	९१,२००

२३.४ **ब्याकहो लोडरको आयः** बुढीगंगा नगरपालिका हेभि ईकुमेन्ट संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ अनुसार भाडामा लगाई आम्दानी गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक ऐन २०८१।८२ अनुसार (नगर कार्यपालिकाको विभिन्न मितिको निर्णय समेत) ब्याकहो लोडर (पहिचान नं ६११२२२७००००४) को प्रतिघण्टा भाडा (तेल वाहेक) रु २०००।०० हुने उल्लेख छ । लेखापरीक्षणका क्रममा ब्याकहो लोडर (डोजर) चालक रुद्र शाही (2082 वैशाखमा नियुक्त पाएका) सँग सोधपुछ गर्दा देहाय अनुसारका ब्यक्तिबाट रु ३४८०००।०० ब्याकहो लोडरको भाडा असुल गरेको देखिएन । नगरपालिकाले ५ वर्ष अगाडि प्राप्त गरेको हालसम्मको भाडा अद्यावधिक गरी असुल गरेको देखिएन । नगरपालिकाले ब्याकहो लोडरको आय सम्बन्धमा छानवीन गरी हालसम्मको आय दाखिला गर्नुपर्ने रु

यसैगरी नगरपालिकाले तयार गरेको कभर्डहलमा व्याडमिन्टन खेलको संकलित आय रु. २०००।०० सहायक चौथो डम्बर बहादुर थापाबाट दाखिला गर्नुपर्ने रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
२३.४.१	किरण थापा (एम्बुलेन्स चालक) २५ घण्टाको रु २०००।०० का दरले	५०,०००
२३.४.२	ठेकेदार गोपाल खड्का (बाह्रबीस) १२ घण्टाको रु २०००।०० का दरले	२४,०००
२३.४.३	ठेकेदार मुकेश सुनार १२१ घण्टाको रु २०००।०० का दरले (खालासैन सडक अछामको डवल कटिङ)	२४२,०००
२३.४.४	ठेकेदार सुरत शाह १६ घण्टाको रु २०००।०० का दरले (वडा ५)	३२,०००
२३.४.५	सहायक चौथो डम्वरवहादुर थापा	२,०००

असुल गर्नुपर्ने	३,५०,०००

२४ **निर्माण कार्य**

२४.१ (८७-2082-02-22):

पेश्की जमानत जफतः सार्वजनिक खरिद नियमावलीको नियम ११३ को (६) सम्झौता भएको कार्यको लागि पेस्की रकमको उपयोग हुनुपर्ने व्यवस्था छ। नगरपालिकाले वडा नम्बर ६ र ७ को सिमानामा फोहोर व्यवस्थापनको लागि ल्यान्डफिल साइट एक्सेस रोड निर्माण गर्न निर्माण व्यवसायी बि आर एस कन्स्ट्रक्सन् एन्ड सप्लायर्ससँग २०८२।०३।१५ भित्र कार्यसम्पन्न गर्ने गरी मुअकर सहित रु ४१०८२३५।९७ मा २०८२।०२।११ मा सम्झौता गरेको छ।बुढीगंगा नगरपालिका पुँजीगत शीर्षकबाट अगष्ट २०, २०२५ सम्म म्याद भएको रु ८०००००।०० को पेश्की जमानत संलग्न गरी रु ८०००००।०० पेश्की उपलब्ध गराइएको पाइयो। मिति २०८२।०५।२४ मा उक्त निर्माणस्थलको निरीक्षण गर्दा निर्माण व्यावसायीले कार्य आरम्भ गरेको देखिएन। यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन्ः

क) उक्त पेश्की रकम निर्माण कार्यमा खर्च भएको देखिएन। विस्तृत परियोजना प्रतिवेदन तयार नगरेको डम्पिङ साइटको नगरपालिकाले छलफलका क्रममा स्थानीयको विवादले काम ढीलो भएको उल्लेख गरेपनि सोको पुष्टि हुने मुचुल्का तथा छलफल भएको पुष्टि हुने कागजात पेश भएको छैन।

ख) नगरपालिकाले पेश्की जमानतको म्याद थपिएको अवस्था र कार्यः सुरु नगरेको निर्माण व्यवसायीसँग रु ८०००००।०० पेश्की जफत गरी निर्माण कार्य पुरा गर्नुपर्दछ।

पेश्की	८,००,०००

२४.२ **अधुरो निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली ,2064 को नियम १२३ मा सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले वडा नम्बर ५ मा १५०० शैया अस्पताल निर्माण गर्न स्काई - निशान अधिकारी जे भी संग २०८०।०५।२० भित्र कार्य सम्पन्न गर्ने गरी रु १३०२५५८३६।२० सम्झौता २०७८।०७।२३ मा गरेको छ। मिति २०८२।०५।२३ मा स्थलगत निरीक्षण गर्दा पहिरो रोकथामका लागि पर्खाल बनाउने बाहेकको काम गरेको देखिएन। हालसम्म रु १२७७३०५० भुक्तानी भएको उक्त निर्माण कार्यको म्याद २०८२।०१।२५ को निर्णयले २०८३ मंसिर मसान्तसम्म थप गरेको पाइयो। यससम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः

क) म्याद थपको कारणमा भौगोलिक जटिलता रहेको जनाइएको छ। निर्माण व्यवसायीले निर्माण स्थलको अवलोकन गरेर नै काम स्वीकार गर्ने भएकोले वस्तुगत कारण बाहेक म्याद थप गर्न सकिने आधार देखिदैन।भौगोलिक अवस्थालाई मात्र म्याद थपको कारण बनाई म्याद थप कार्यमा संलग्नलाई जिम्मेवार बनाउनुपर्दछ।

ख) सार्वजनिक खरिद नियमावली ,2064 को नियम १२१ मा सम्झौतामा तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यावसायीलाई सम्झौता रकमको दैनिक ०.०५ प्रतिशतका वा सम्झौता रकमको अधिकतम १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यावसायीले २२ महिनामा सम्पन्न गर्नुपर्ने काम थप २ वर्ष (२४ महिना) नाघिसकेको अवस्था (लेखापरीक्षण अवधि २०८२।५।२५) मा निर्माण कार्यको प्रगति नगन्य रहेको अवस्थामा नगरपालिकाले वस्तुगत मूल्यांकन तथा एकीन गरी अधिकतम १० प्रतिशतसम्म क्षतिपूर्ति असुल गरी निर्माण कार्य पुरा गर्नुपर्दछ।

ग) उक्त निर्माण कार्यको यो वर्ष दोर्सो रनिङ विल रु ३५०३०००।०० भुक्तानी भएकोमा बैंक ग्यारेण्टीको अवधि थप १४ महिना (२०८४ माघ मसान्त) पेश गर्नुपर्नेमा २०८२।१०।३ सम्मको वैंक ग्यारेण्टी संलग्न गरेको छ । म्याद थप पछिको पूरै अवधि कभर गर्ने गरी बैंक ग्यारेण्टी लिई निर्माण व्यवसायीले लिएको मोविलाईजेशन पेश्की रु १३००००००।०० नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

घ) अस्पताल निर्माण कार्यको वीमा नगरेको तथा कार्यसम्पालन जमानत रु २२७८५५२०।०० को म्याद थप गरेको देखिएन। वीमा नगराई कार्यसम्पादनको म्याद थप नगरी निर्माण कार्यको म्याद थपः कार्यमा संलग्नलाई जवाफदेही बनाउनुपर्दछ।

ङ) उक्त निर्माण कार्य (गैर आवासीय भवन) को भुक्तानी रु. ३५०३०००।०० मा ३०% मूअकर रु १२०९००।०० कट्टि गरेको भौचर संलग्न गरेको देखिएन । उक्त भौचर श्रेस्तासाथ राख्नुपर्दछ ।

च) निर्माण ब्यवसायीले दोस्रो रनिङ विल भुक्तानी (बीजक) पेश गरेको स्थालेन (६१८०७६८०८) र सुत्र मार्फत कार्यालयले भुक्तानी पठाएको स्थालेन (६०३५५७२१७) फरक फरक परेको छ । यस सम्बन्धमा कार्यालयले एकीन गरी(आवश्यकता अनुसार आन्तरिक राजश्व कार्यालय सुर्खेतसँग समन्वय समेत गरी) भुक्तानी भएको मूअकर समायोजन/दाखिला सुनिश्चित गर्नुपर्दछ ।

अनियमित भएको	४,०३,०००

२४.३ **घर नक्सा पास र निर्माण सम्पन्न दस्तुरः** नगरपालिकाको आर्थिक ऐन २०८१।८२ मा घरनक्सा पास दस्तुर रु ५०००।०० र निर्माण सम्पन्न प्रमाणपत्रको रु २००।०० तोकिएको छ ।लेखापरीक्षमा प्राप्त विवरण अनुसार नगरपालिकाले यो वर्ष १० घरनक्सा पासको दस्तुर रु ५००००।०० र विगतको घरनक्सा पास गरेको १० समेत २० को दस्तुर रु १००००००।०० र यो वर्षसम्म निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरेको १० को निर्माण संम्पन्न दस्तुर रु २०००।०० समेत रु १०२०००।०० आन्तरिक आय संकलन तथा दाखिला

गरेको देखिएन । उक्त रकम सो कार्यमा संलग्न सब ईन्जिनियर योगेन्द्र बहादुर बानियाँ, राजश्व शाखाका सहायक पाँचौ राजेन्द्र बहादुर विष्ट अमिन (सहायक चौथो करार) यमराज साउद समेतबाट नगरपालिकाले एकिन गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	५२,०००

२५ भुक्तानी व्यवस्थापन

२५.१ (१५८-2082-03-18):

फरक दरमा भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चका पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ। नगरपालिका पुँजीगत शीर्षक अन्तर्गत वडा नम्बर ६ मा मदन आश्रित पुस्तकालय भवन निर्माणको स्टोन मेसोनरी वर्क(सिमेन्ट स्यान्ड मोटर) को काम उपभोक्ता समितिबाट गराई ४४.४५ घनमिटरको रु ११९७६।०९ का दरले गणना गरेको छ। सोही पुस्तकालयसँगै जोडिएको हाटबजार निर्माणमा उक्त कामको दर रु ११६६८।४५ उल्लेख भएकोले प्रति घनमिटरमा रु ३०७।६४ दरले रु १३६७५।०० बढी भुक्तानी भएको छ। दुबै काम उपभोक्ता समितिबाट नै भएकाले उपभोक्ता समितिका अध्यक्ष छाँया खड्का समेतको समितिबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१३,६७५

२५.२ (२३-2082-03-13):

नपाउने संचार सुविधाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा खर्चको पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सामुदायिक मनोसामाजिक संयोजक सहित ६ जनाको २०८१ चैत्रदेखि २०८२ आषाढसम्मको तलव भत्ता खर्च भनी रु ६९०९००।०० खर्च लेख्दा रु ५७८९।०० सामाजिक सुरक्षा कर कट्टि गरी थप २ जनालाई समेत मासिक रु १५००।०० का दरले ४ महिनाको संचार खर्च रु १२०००।०० भुक्तानी गरेको छ । सामुदायिक मनोसामाजिक परामर्शकर्ता संयोजकलाई मासिक रु ५०००।०० का दरले रु २००००।०० र मनोसामाजिक परामर्शकर्ता ५ लाई मासिक रु. ४०००।०० का दरले संचार खर्च पाउने आधार प्रमाण संलग्न गरेको देखिएन । देहायका कर्मचारीबाट नपाउने संचार खर्च असुल गर्नुपर्ने रु..

क्रम	कर्मचारीको नाम	असुली रकम
२५.२.१	महिला विकास निरीक्षक ओमकुमारी विक	६,०००
२५.२.२	लेखापाल पुर्णचन्द्र जैशी	६,०००
२५.२.३	सामुदायिक मनोसामाजिक संयोजक पुजा कुमारी थापा समेत ६ जना	१००,०००

असुल गर्नुपर्ने	१,१२,०००

२५.३ **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा खर्चको पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले उग्रतारा सुधार केन्द्र गोदावरी २ अत्तरिया कैलालीलाई यस नगरपालिकाको वडा नं ९ का भुवन सेरालालाई लागु औषध दुर्व्यसनमा परेको जनाई २०८१।७।२९ देखि २०८२।१२।२४ सम्म केन्द्रमा रही सुधार गरेको जनाई रु १२५५००।०० (कर कट्टि नगरी) नगर प्रमुखले २०८१।७।२५ मा गरेको संझौताका आधारमा मात्र भुक्तानी गरेको छ । भर्ना शुल्क रु ६५००।००, पद्मा अस्पतालमा औषधि उपचार रु २०००।००, गाडीभाडा रु १२०००।०० र सात महिनाको महिनाको फि रु १०५०००।०० को विवरण भुक्तानी पाउन लेखेको निवेदनमा उल्लेख छ । संझौता मिति र वाहिर निस्केको मिति गणना गर्दा लगभग ५ महिनाको फि रु ७५०००।०० भुक्तानी दिन सकिनेमा रु १०५०००।०० खर्च लेखेको छ । वढी भुक्तानी भएको मासिक फि रु ३००००।०० उग्रतारा सुधार केन्द्र गोदावरी २ अत्तरिया कैलालीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३०,०००

२५.४ (८-2082-01-19):

खर्च उपलब्धिः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ४१ मा खर्चको उपलब्धि सुनिश्चित गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले उग्रतारा सुधार केन्द्र गोदावरी २ अत्तरिया कैलालीलाई यस नगरपालिकाको वडा नं ९ का भुवन सेरालालाई लागु औषध दुर्व्यसनमा परेको जनाई २०८१।७।२९ देखि २०८२।१२।२४ सम्म केन्द्रमा रही सुधार गरेको जनाई रु १२५५००।०० (कर कट्टि नगरी) नगर प्रमुखले २०८१।७।२५ मा गरेको संझौता(केन्द्रको तर्फबाट संझौता पत्रमा कार्यक्रम संयोजकबाट २०८२।१।३ मा हस्ताक्षर भएको) का आधारमा मात्र भुक्तानी गरेको छ । भर्ना शुल्क रु ६५००।००, पद्मा अस्पतालमा औषधि उपचार रु २०००।००, गाडीभाडा रु १२०००।०० र सात महिनाको महिनाको फि रु १०५०००।०० को विवरण भुक्तानी पाउन लेखेको निवेदनमा उल्लेख छ । भुवन सेराला यस नगरपालिकाको वडा नं ९ निवासी भए नभएको, लागु औषध दुर्व्यसनमा परे नपरेको, केन्द्रको निजको उपस्थिति जनिने अभिलेख नरहेको, खर्चका विल भरपाई नरहेको उक्त खर्च रु १२५५००।०० नियमित गर्नुपर्ने रु.

अनियमित भएको	१,२५,५००

२५.५ (३२-2082-03-21):

सहभागिता रकमः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चक पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत वडा नम्बर ६ मा फालासैन हाटबजार ट्रस निर्माणमा रु ६६१०४०।०० उपभोक्ता समिति मार्फत खर्च गरेको छ। उक्त ट्रस निर्माणको कुल लागत रु ११२९८३१।०० र कार्यसम्पन्न रु १११८८७२।०० देखिएकोमा साहस नेपाल नामक गैर-सहकारी संस्थाको रु ३०००००।०० लागत सहभागिता उल्लेख गरेतापनि उक्त संस्थासँग भएको सम्झौता तथा उपलब्ध गराएको सामान र सेवाको अलगै अभिलेख प्राप्त भएन। सम्झौता र सेवा सामानको विवरण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३,००,०००

२५.६ (२६-2082-03-16):

बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा खर्चको पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले स्थानीय स्काउट कार्यालय बुढीगंगा (स्थानीय प्रमुख आयुक्त देबराज जोशी) सँग ४ आधारभूत विद्यालय(१-8), ८ माध्यमिक विद्यालय र १ बडिमालिका क्याप्पस गरी ९ स्थानमा लागू औषद नियन्त्रण सचेतना कार्यशाला, जागरण अभियान, सडक नाटक लगायतका कार्य रु ६०००००।०० मा २०८२।०३।१५ भित्र सम्पन्न गर्ने गरी २०८२।०१।२४ मा सम्झौता गरेको छ । स्काउटले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनमा १२ स्थान कार्य संचालन भएको पाइयो । नगरपालिकाले १ स्थानमा कार्यक्रम नगर्दा पनि स्काउटलाई थप रु ४६१५४।०० भुक्तानी दिएको छ । उक्त रकम स्थानीय स्काउट कार्यालय बुढीगंगाबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४६,१५४

२५.७ **विद्यालयको लेखापरीक्षण ब्यहोरा कार्यान्वयनः** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार पालिकाले मातहतका माध्यमिक तहसम्मका विद्यालयको नियमन तथा संचालन ब्यवस्थापन गर्नुपर्ने ब्यवस्था छ । नगरपालिका रहेका सामुदायिक विद्यालयमध्ये २ छनौ६ गर्दा विद्यालयको लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित देहायका व्यहोरा कार्यान्वयन गरेको देखिएन । नगरपालिकाले अन्य विद्यालयको लेखापरीक्षणबाट देखिएका व्यहोरा समेत पालना गरे नगरेको सम्बन्धमा सघन र प्रभावकारी अनुगमन गरी लेखापरीक्षणका व्यहोरा कार्यान्वियन गराउनुपर्दछ ।

क्र.सं.	विद्यालयको नाम	लेखापरीक्षण प्रतिवेदनका मुख्य व्यहोराहरु
१	भानोदय माध्यमिक विद्यालय वडा ५ नौविस (स्थालेन २०१४२७५३१)	• जिन्सी सम्पति दाखिला नगरेको, जिन्सी खाता अद्यावधिक नगरेको । • आन्तरिक आय/नगद दाखिला नगरी खर्च गरेको । • वैंक नगदी किताबको प्रयोग नगरेको । • नगरपालिकाले संञ्चालन गर्ने कक्षा ८ को परीक्षामा रु ४२३०।०० खर्च गरेको। • प्राविधिक धारतर्फको आय रु ६४९०९।०० दाखिला नदेखिएको । • प्राविधिक धारतर्फको ब्यय रु २३३४१२।०० गरेकोमा शिक्षकको समय तालिका, दिन तथा दर नखुलेको । • अलाइड साइन्टिफिक ट्रेड एण्ड सप्लायर्स धनगढी-५ लाई रु ८८४२५७।०० भुक्तानी गर्दा अग्रीम कर रु १३२६४।०० कट्टि नगरेको ।
२	त्रिशक्ति माध्यमिक विद्यालय वडा ९ वाह्रविस (स्थालेन २०१५५७८८८)	• पूर्व प्रधानाध्यापक डम्बरप्रसाद उपाध्यायको पेश्की रु १५००००।०० र जग्गा खरिदको अग्रीम भुक्तानी रु १०००००।०० फर्स्यौट नगरेको । • जग्गा र भवनको अभिलेख नराखेको । • स्थायी लेखा नम्बर भएङ्का फर्मसँग मालसामान खरिद नगरेको ।

२५.८ **ढुङ्गा, गिट्टी र बालुवाको आयः** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आन्तरिक आय संकलन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाको २०८१।०४।३२ तथा नगर सभाको २०८१।०३।१० को निर्णयले नदीजन्य पदार्थको उत्खनन् तथा वितरण, दिगो संकलनको लागि आईई गर्ने उल्लेख गरेको छ। विगतका लेखापरीक्षण प्रतिवेदनमा समेत यस सम्बन्धी व्यहोरा उल्लेख गरेपनि स्थिति यथावत् छ। आन्तरिक आयको अधिक सम्भावना भएको ढुङ्गा, गिट्टी र बालुवाको नगर सभा, नगरकार्यपालिका तथा लेखापरीक्षण प्रतिवेदनमा औल्याइए अनुसार आईई नगरी आन्तरिक आय बढाउने तर्फ ध्यान नदिनेलाई जिम्मेवार बनाउनुपर्दछ।

२५.९ (२९-2082-03-18):

खर्च विवरणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा खर्चको औचित्यता, खर्च विवरण राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत जिल्ला समन्वय अधिकारी, लेखापाल र अल्पकालीन महिला सुरक्षित आवास गृह/ सेवा केन्द्र प्रमुखको संयुक्त दस्तखतबाट छुट्टै खाता संचालन हुने गरी स्थापना भएको सेफ हाउस बाजुरामा रु २५००००।०० पठाएको पाइयो। उक्त रकमबाट भएको खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन संलग्न गरेको देखिएन।अल्पकालीन महिला सुरक्षित आवास गृह/सेवा केन्द्रमा बाजुराका ९ वटै पालिकाबाट आर्थिक वर्ष २०७९।८० मा रु १५००००।००, आर्थिक वर्ष २०८०।८१ मा रु ५०००००।०० तथा यो वर्ष रु १०००००।०० दरले उक्त हाउसमा रकम जम्मा गर्न जिल्ला समन्वय समितिको कार्यालय बाजुराले च.नं. ३४० मिति २०८२।०२।०८ लेखेको पत्र संलग्न गरेको छ । उक्त खर्चको विवरण अद्यावधिक गरेर मात्र जिल्ला समन्वय समितिको कार्यालय बाजुराको विविध खातामा रकम पठाउने व्यवस्था मिलाउनुपर्दछ ।

२५.१०(२६-2082-03-16):

खर्च पुष्ट्याईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा खर्चको पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देबराज जोशीलाई रु २०००००।०० पेश्की फछर्यौट समेत रु ६०००००।०० खर्च लेख्दा नेपाल स्काउट नगरलाई करकट्टी पछि रु ३६५०७७।०० भुक्तानी दिएको छ ।उक्त रकम प्राप्त गरेको जनिने विजक तथा बिल नेपाल स्काउट, स्थानीय स्काउट कार्यालय बुढीगंगाबाट जारी भएको देखिएन। स्काउटका स्थानीय प्रमुख आयुक्त देवराज जोशीले लिएको रु २०००००।०० समेत रु ६०००००।०० को स्थानीय स्काउट कार्यालयको बिल बिजक संलग्न गरेर खर्च लेख्नुपर्नेमा विभिन्न फर्मको विल भरपाई राखी खर्च गरेको एवम् स्थानीय आयुक्तको नाममा पेश्की दिई खर्च उक्त रकम नियमित गर्नुपर्ने रु.

अनियमित भएको	६,००,०००

२६ निर्माण कार्य तर्फ

२६.१ **ठेक्का अभिलेख-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२६.२ **बोलपत्रको मुल्याङ्कन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्र दातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको १२ प्रतिशत देखि ५९ प्रतिशतसम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिब४१ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिँदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ।

Contract No.	Name of project	Name of the Contractor	Estimate Amount with VAT	Contract Amount (with VAT)	Percentage Below
BM/NCB/W/02/2077-078	15 Bed Hospital Nirman	Sky-Nishan-Adhikari JV	221,292,701.96	186,494,896.70	32.95
BM/NCB/R01/2080-081	Taprisera-Brahamtola Road Construction	Bangalamukhi-Bageshwori JV	140,020,900.83	113,278,671.00	19.21
BM/NCB/R02/2080-081	Betalmandu-Trishakti Road Construction	Bangalamukhi-Bageshwori JV	116,384,642.24	91,325,833.40	21.68
BM/NCB/R03/2080-081	Bamka-Nagarpalika Road RCC	Mahagauri-Handik-Deep JV	97,828,658.21	85,534,090.14	12.63
BM/NCB/W/01/2081-082	Swasthya-Delta Road Maintenance	Samarika-Rishi Gauri JV	19,657,770.57	9,232,161.89	-51.31
BM/NCB/W/04/2081-082	Delta-Saubada Road Construction and maintenance	Baniya Nirman Sewa & Order Suppliars	2,971,205.46	1,582,950.06	47.25
BM/NCB/W/02/2081-082	Baramtola Khelmaidan Nirman	King Construction & Order Suppliars	11,085,366.26	4,558,332.50	59.24
BM/NCB/W/03/2081-082	Sip Bikas Kendra Cpnstruction and Miscellaneous Works	GR Construction	6,830,605.00	3,071,387.00	45.14
BM/SQ/03/2081/082	Mastamandu and Bridda Park Nirman	Yogesh Construction	1,503,435.77	1,234,854.00	15.37
BM/SQ/01/2081-082	Ward No. 3 Gherbar Works	Yogesh Construction	1,504,453.28	652,798.61	55.28
BM/SQ/04/2081-082	Timada-Badeda Padmarga Nirman	Masta Construction & Order Suppliars	1,474,572.35	1,174,572.35	16.47

२६.३ **खरिद सम्झौता** - सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको स्टान्ड्रड बिडिङ डकुमेन्ट अनुसार निर्माण कार्यको खरिद सम्झौता गर्नुपर्दछ। पालिकाले यो वर्ष खरिद सम्झौता गरेका सबै ठेक्कामा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको स्टान्ड्रड बिडिङ डकुमेन्टको प्रयोग गरेको देखिएन। कतिपय सम्झौतामा विशेष शर्तमा बीमा गर्नुपर्ने प्रोभिजन स्पष्ट नगरिएको, प्रोग्राम अपडेटको व्यवस्था नगरिएको लगायतका व्यवस्थाहरूको पालना नगरिएकोले खरिद सम्झौता गर्दा स्टान्ड्रड बिडिङ डकुमेन्टको अनिवार्य पालना गर्नुपर्दछ।

२६.४ **कन्टिन्जेन्सी खर्च-** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू. ४१३०२५०।०० खर्च गर्दा नियमावलीमा व्यवस्था भए अनुरुप पालिकालको केन्द्रीय निकाय अर्थात कार्यपालिकाबाट कार्यविधि स्वीकृत गरी खर्च गरेको देखिएन। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र वैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ।

क्र.स.	कन्टिन्जेन्सीको विवरण	खर्च रकम
१	ज्याला	
२	दैनिक भ्रमण भत्ता	१७०००००।००
३	इन्धन	८५००००।००
४	मर्मत	९५००००।००
५	मसलन्द	६३०२५०।००
६	निर्माण खर्च	००
७	सम्बन्धित विभागमा पठाएको	००
८	अन्य	००
जम्मा		४१३०२५०।००

२६.५ **कन्टिजेन्सी खर्च उपयोग** - सार्वजनिक खरिद नियमावली, ३०६४ को नियम १० को उपनियम ७ अन्तर्गतको अनुसूची-१ को द्रष्टव्य (ग) तथा नियम १२ को उपनियम ४ अन्तर्गत अनुसूची-१(क) को द्रष्ट्रव्य (ङ) मा कन्टिन्जेन्सी खर्च गर्दा कार्यविधि स्वीकृत गरेर मात्र गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा कन्टिन्जेन्सी खर्च गर्दा कार्यविधि स्वीकृत गरेको छैन भने कन्टिन्जेन्सि खर्चको अभिलेख समेत राखेको देखिएन। सो बाट कन्टिजेन्सी रकम सम्बन्धित निर्माण कार्यको व्यवस्थापनार्थ खर्च भएको एकिन हुन सकिएन। पालिकाले कन्टिन्जेन्सी खर्च गर्दा कार्यविधि स्वीकृत गरेर मात्र गर्नुपर्दछ, साथै सार्वजनिक निर्माण कार्य वा परामर्श सेवा सम्बन्धी कार्य सम्पादन गर्दा भैपरी आउने किसिमका खर्चलाई लागत अनुमान तयार गर्दा कन्टिजेन्सी रकम र कार्यालय व्यवस्थापनको खर्चको रुपमा समावेश गरी सम्बन्धित निर्माण कार्य वा परामर्श सेवासँग सम्बन्धित काममा मात्र मितव्ययी, प्रभावकारी एवं पारदर्शी रुपमा खर्च गर्नुपर्दछ। यस आर्थिक वर्षमा गो.भौ.नं. १८८(२०८२।०३।२५, पालिका पुँजिगत)मोटरसाईकल खरिद शीर्षकबाट कन्टिजेन्सी खर्चको रुपमा शंकर बहादुर शाहीलाई रू. २२४३३५।०० भुक्तानी गरेको देखिन्छ। जसमा निजलाई दिएको पैसा मध्ये पालिकाका विभिन्न वडाअध्यक्षहरुलाई दैनिक भ्रमण बापत रू. ११७०००।००, गाडी भाडाबापत रू. २००००।०० र अन्य विविध बिल बापत रू. ९२,६३५।०० खर्च गरेको बिल भरपाई पेश गरेको देखिन्छ। यसरी सम्बन्धित शीर्षकको कन्टिजेन्सी सम्बन्धित शीर्षकसँग सम्बन्धित कार्यको लागि मात्र प्रयोग गर्नुपर्नेमा असम्बन्धित व्यक्ति र असम्बन्धित कार्यमा खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गरिनुपर्दछ।

२६.६ **खरिदमा न्यून प्रतिस्पर्धा**- सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तवनामा खरिदलाई खुला र प्रतिस्पर्धी बनाउने उद्देश्य लिएको छ।त्यसै गरी ऐनको दफा २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही नहुने व्यवस्था छ। यो वर्ष पालिकाबाट भएमा खरिदका ठेक्का प्रक्रियाको परीक्षण गर्दा दररेटद्धारा र केही निर्माण कार्य विद्युतीयमाध्यमबाट भएको भए पनि न्यून प्रतिस्पर्धा भई ठेक्का बन्दोबस्त हुने गरेको देखियो। खरिद प्रक्रियामा दरभाउपत्र दाताहरुबीच मिलोमतो भएको अवस्थामा खरिदमा प्रतिस्पर्धा सीमित हुन गई सार्वजनिक निकाय खुला प्रतिस्पर्धाको लाभबाट बन्चित हुने अवस्थालाई मध्य नजर गरी मिलोमतोको सम्भावना देखिएको ठेक्काहरुमा आवश्यक पहल गरी मिलेमतो रहेको पाईएमा खरिद प्रक्रिया समयमै रद्द गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

खरिदको विवरण	छनौट भएको व्यवसायीको नाम	सम्झौता रकम मु.अ. करसहित	लागत अनुमान भन्दाघटिएको प्रतिशत	कैफियत
Ward No. 6 Gherbar Works (BM/SQ/02/2081-082)	Sushil Eungineering Construction	१९,०४,८१३।९१	0.35	विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गरिएको
३ नं. वडा कार्यालय घेरबार कार्य	श्रीकृष्ण इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि	७,८१,३९६।२५	1.27	दररेट माग गरी खरिद गरेको
७ नं. वडा कार्यालय पर्खाल निर्माण	खापरदेव कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	९,९१,२३९।३४	0.11	दररेट माग गरी खरिद गरेको

२६.७ **भेरिएशन आदेश** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) को उपखण्ड ४ मा स्थानीय तहलाई सार्वजनिक निकायको रुपमा परिभाषा गरिएको छ। यस्तै दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई पाँच प्रतिशतसम्मको भेरिएशन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहकोप्रमुखले, दश प्रतिशतसम्मको भेरिएशन सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहकोप्रमुखले, पन्ध्र प्रतिशतसम्मको भेरिएशन विभागीय प्रमुखले, पन्ध्रदेखि पच्चीस प्रतिशतसम्मको भेरिएशन सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको सम्बन्धित निकाय प्रमुखले र पच्चीस प्रतिशतभन्दा माथिको भेरिएशन सोही ऐन दफा २(ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ। नगरपालिकाले यस आर्थिक वर्षमा निम्न निर्माण कार्य गर्दा भेरिएशन आदेश जारी गरेको छ। पालिकालेमष्टामाण्डौं र वृद्ध पार्क निर्माण, बुढीगंगा नगरपालिका वडा नं. ४ कार्यको लागत अनुमान रु. १४,९८,०००।००(मूल्य अभिवृद्धि कर, पिएस आइटम र कन्टिजेन्सी सहित) बनाई ठेक्का नं.BM/SQ/03/2081-82 राखी सिलबन्दी दरभाउपत्र आव्हान गरेको देखिन्छ। सो सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन्:

क) मिति २०८२।०२।०८ गते रू. १२,३४,८५४।७५(मूल्य अभिवृद्धि कर रपिएस आइटम सहित) मा अर्थात लागत अनुमान भन्दा १५.३७ प्रतिशत घटी योगेश कन्स्ट्रक्सनसँग कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको देखिन्छ।

ख) भेरिएशन आदेश(VO): मष्टामाण्डौं र वृद्ध पार्क निर्माण, बुढीगंगा नगरपालिका वडा नं. ४ कार्यको मेशीनरी वाल तथा आरसीसीको परिमाण बढेको कारण देखाई शुरू सम्झौता रकमको १९.१८ प्रतिशत अर्थात रू. २०८६२२।८०(मूल्य अभिवृद्धि कर रपिएस आइटम बाहेक) रकम थप गरी पालिकाका नगर प्रमुखबाट भेरिएशन आदेश जारी भएको देखिन्छ।

.

विवरण(मू. अ.कर र पिएस सहित)	शुरुको रकम रू.	भेरिएशन आदेश(VO1) अनुसार हुने रु	कूल रकम((मू. अ. कर र पिएस सहित) रु
लागत अनुमान	**१४,९८,०००।००**	२७८५५८।१५	१७७६५५८।१५
सम्झौता/भेरिएशन	१२३४८५४।३२	२३५७४३।७६	१४७०५९७।७६
भेरिएश थप प्रतिशत		१९.१८	१९.१८

पालिकाले योगेश कन्स्ट्रक्सनलाई कार्यसम्पन्न भएको भनी गो.भौ.नं. ५७(२०८२।०३।२५)बाट जम्मा रू. १४६४५९८।०० भुक्तानी गरेको देखिन्छ। सार्वजनिक खरिद ऐन तथा नियमावलीमा स्थानीय तहलाई सार्वजनिक निकाय भनिएको र सार्वजनिक निकायको हकमा नगरपालिकाको प्रमुखबाट भेरिएशन आदेश जारी हुनसक्ने व्यवस्था ऐनमा रहेको देखिंदैन। पालिकाले उल्लिखित भेरिएशन आदेश(VO) सुरु सम्झौताको १९.१८ प्रतिशत थप गरी गर्दा नगरपालिकाको प्रमुखबाट भेरिएशन आदेश स्वीकृत गरेको देखिन्छ। सार्वजनिक निकायले अधिकार प्राप्त अधिकारीबाट मात्र भेरिएशन आदेश जारी गरी रकम खर्च गर्नुपर्दछ। सार्वजनिक खरिद ऐनमा भेरिएशन आदेश जारी गर्न पाउने अधिकार नरहेको पदाधिकारीबाट भेरिएशन आदेश जारी गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ।

२६.८

पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च - पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमूना परीक्षणको क्रममा पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम पुँजीगत शीर्षकबाट चालु प्रकृतिको खर्च गरेको पाईयो।

गो.भौ.नं. र मिति	भुक्तानी प्राप्त गर्ने	रकम रू.	प्रयोजन	कैफियत
१०३(२०८२।०३।०२)पालिका पुँजिगत	बाजुरा पलस, मार्तडी बाजुरा	१९२८००।००	एच.आइ.भी. संक्रमितलाई यातायात बापत रकम वितरण	एच.आई.भी. संक्रमितलाई पूर्वाधार निर्माण शीर्षकको बजेटबाट विभिन्न ३६ जना एच.आइ.भी. संक्रमितलाई रकम प्रदान गरेको भरपाईको आधारमा रकम भुक्तानी गरिएको।
१०६(२०८२।०३।०२)	श्री बडिमालिका साना किसान कृषि सहकारी संस्था लि.	६०००००।००	मल ढुवानी बापत रकम भुक्तानी गरिएको	मल ढुवानीको लागि पूर्वाधार विकास निर्माण शीर्षकबाट मल ढुवानी बापत उल्लिखित सहकारीले पेश गरेका भरपाइ लगायतका कागजातको आधारमा रकम भुक्तानी गरिएको।

पालिकाले पुँजिगत बजेटलाई चालु प्रकृतिको खर्च गर्ने प्रवृतिलाई नियन्त्रण गर्नुपर्दछ।

२७ उपभोक्ता समितितर्फ

पालिकाले उपभोक्ता समितिबाट गरेको खरिद कार्यको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

२७.१ उपभोक्ता समितिलाई ओभरहेड

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई ओभरहेड भुक्तानी नदिइने कुरा उल्लेख छ। पालिकाले यस आर्थिक वर्षमा गो.भौ.नं. १८४(२०८२।०३।२४) बाट टाँटे चौकी देखि देनसायल सडक निर्माण गरेकोमा Earthwork excavation बापत रू. २०००००।०० भुक्तानी गरेकोमा ओभरहेड बापत रू. २६०८७।२५ भुक्तानी गरेको देखिन्छ। अत: नियमावलीको व्यवस्था विवरित भुक्तानी भएको ओभरहेड असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	२६,०८७.२५

२७.२ **उपभोक्ता समिति मार्फत कार्य** - सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता वृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउने उल्लेख छ। पालिकाले सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन। यस्तो अवस्थामा उपभोक्ता समितिको नामबाट भएका विभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

२७.३ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, ओभरहेड टंकी, ढलान सडक, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यसमेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य गर्दा उपभोक्ता समितिबाट निर्माण भएको कामको गुणस्तर परीक्षण समेत नगरेकोले उपभोक्ता समितले गरेको काम गुणस्तर छ भन्न सकिने अवस्था छैन। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीक फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

क्र.सं.	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१	कुलदे पुष्पबाटिका पुष्पबाटिका पार्क निर्माण उपभोक्ता समिति	कुलदे पुष्पबाटिका पुष्पबाटिका पार्क निर्माण	९००२०४।९२
२	मदन आश्रित पुस्तकालय भवन निर्माण उपभोक्ता समिति	मदन आश्रित पुस्तकालय भवन निर्माण	८९४२९७।००
३	बडिमालिका क्याम्पस शौचालय निर्माण	बडिमालिका क्याम्पस शौचालय निर्माण	४४९६२८।६०
४	सूचना केन्द्र तथा ट्रेबिज निर्माण	सूचना केन्द्र तथा ट्रेबिज निर्माण	१८२४००।००
५	तुड्के फिल्ड तथा प्याराफिट निर्माण उपभोक्ता समिति	तुड्के फिल्ड तथा प्याराफिट निर्माण	४३२१८३।००
६	शहिदगेट मर्मत तथा पेन्टिङ उपभोक्ता समूह	शहिदगेट मर्मत तथा पेन्टिङ	१६८४२४।००

नियमावलीको व्यवस्था अनुरुप उपभोक्ता समितिलाई तोकिएको काम मात्र गराउनुपर्दछ ।

२७.४ **मूल्य अभिवृद्धि कर बिजक** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समितिले आफूले गरेको कामको प्राविधिकबाट नापजाँच गराई उक्त निर्माण कार्यलाई पुष्ट्याई हुने बिल भर्पाइसमेत संलग्न गर्नुपर्ने व्यवस्था छ। साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिवृद्धि कर लाग्ने आइटमको VAT बिल अनिवार्य जारी गर्नुपर्ने व्यवस्था छ। नमूना परीक्षणको क्रममा देहायका उपभोक्ता समितिले गरेको काममा जिल्ला दररेटको आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सिमेन्ट खरिदको बिल पेश गरेकोले निम्नानुसार रकम भ्याट बापत बढी भुक्तानी भएको छ । जिल्ला दररेटको आधारमा भ्याट रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

गो.भौ.नं. र मिति	उपभोक्ता समितिको नाम	आइटम (ईकाइ) (बोरा-५० केजी)	भुक्तानी भएको परिमाण	लागत अनुमान दर भ्याट समेत	बिलको दर भ्याट समेत	फरक दर भ्याट समेत	असुल गर्नुपर्ने मु अ कर रकम
३१(२०८१।१२।०७) पालिका पुँजिगत	सप्लारा चौतारो निर्माण	सिमेन्ट(OPC)	४५ बोरा	१२३१।२५	९५०।००	२८१.२५	१४५६.०३
७८(२०८२।०२।०७) पालिका पुँजिगत	नुवाकोट सार्कीटोल बाटो निर्माण	सिमेन्ट(OPC)	६४ बोरा	१२३१।२५	९६०।५	२७०.७५	१९९३.४९
१२३(२०८२।०३।०६) पालिका पुँजिगत	वडा कार्यालय फिल्ड निर्माण	सिमेन्ट(OPC)	१०० बोरा	१२३१।२५	९७१।८	२५९.४५	२९८४.८२
१२९(२०८२।०३।०९) पालिका पुँजिगत	कोटबाडा पिसिसि बाटो निर्माण	सिमेन्ट(OPC)	१०१ बोरा	१२७९।७५	९९८।९२	२८०.८३	३२६३.१
१५२(२०८२।०३।१६) पालिका पुँजिगत	रिचार्ज पोखरी पर्खाल निर्माण	सिमेन्ट(OPC)	१०० बोरा	१२३१।२५	९६०।५	२७०.७५	३११४.८२
१७९(२०८२।०३।२४) पालिका पुँजिगत	नडाङ्ग देखि आग्रीबाडा सम्म सडक मर्मत	सिमेन्ट(OPC)	२४० बोरा	११८४।७५	९९९।९९	१८४.७६	५१०१.३४
५(२०८२।०२।२९)	कुलदेव पुष्पबाटिका पार्क निर्माण	सिमेन्ट(OPC)	२१२ बोरा	११८१।३०	९९९।९९	१८१.३१	४४२२.०४
९(२०८२।०२।२९) प्रदेश पुँजिगत	वडा कार्यालय लामागाड पहिरो नियन्त्रण	सिमेन्ट(OPC)	२०० बोरा	११८१।३०	९९९।९९	१८१.३१	४१७१.७३
१२(२०८२।०३।०४) प्रदेश पुँजिगत	पिपलबोट देखि सिमकोट पदमार्ग	सिमेन्ट(OPC)	३३० बोरा	११५८।०५	९९९।९९	१५८.०६	६०००.६८
१३(२०८२।०३।०५)	शारदा मा.वि. निर्माण	सिमेन्ट(OPC)	२०० बोरा	११५८।०५	९९९।९९	१५८.०६	३६३६.७८
२६(२०८२।०३।१६)	सिमलकोट देखि बडेली स्कूल सम्म पदमार्ग	सिमेन्ट(OPC)	२५० बोरा	११५८।०५	९६०।५०	१९७.५५	५६८१.७५
जम्मा							४१८२६.५८

असुल गर्नुपर्ने	४१,८२६.५८

२७.५ **हेभी इक्विपमेण्टको प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:

गोभौनं./मिति	उपभोक्तासमितिकोनाम	कामकोविवरण	प्रयोग गरेकोहेभीउपकरण	हेभीउपकरणमाभएकोखर्च
१३४(२०८२।०३।०१)	तुड्के फिल्ड तथा प्याराफिट निर्माण उ.स.	तुड्के फिल्ड तथा प्याराफिट निर्माण	व्याकहोइ लोडर	२४९९९५
१५२(२०८२।०३।१६)	रिचार्ज पोखरी पर्खाल निर्माण उ.स.	रिचार्ज पोखरी पर्खाल निर्माण	व्याकहोइ लोडर	३७७५६९
१७९(२०८२।०३।२४)	नडाङ्ग देखि आग्रीबाडा सम्म सडक मर्मत उ.स.	नडाङ्ग देखि आग्रीबाडा सम्म सडक मर्मत	व्याकहोइ लोडर	३०४५८६
१८१(२०८२।०३।२४)	बेलकाटी देखि निमनीसम्म सडक मर्मत उ.स.	बेलकाटी देखि निमनीसम्म सडक मर्मत	व्याकहोइ लोडर	२७६१९२

२७.६ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

२७.७ **उपभोक्ता समितिबाट निर्माण:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्ने उल्लेख गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा पालिकाले ५६ उपभोक्ता समितबाट रू. ३०२६९४९८।७४ बराबरको निर्माण कार्य गरेको देखिन्छ । धेरैजसो उपभोक्ता समितिले नहर निर्माण कार्य, मेशिनरी कार्य, ग्याविनको कार्य तथा भवन निर्माण, कम्पाउन्ड वाल निर्माण जस्ता जटिल प्रकृतिका कार्य गर्ने गरेको र उक्त निर्माण कार्य ल्याव परीक्षण नहुने हुदाँ गुणस्तर कायम हुन नसक्ने देखिन्छ। नियमावलीले गरेको व्यवस्था वमोजिम जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिबाट नगर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२७.८ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने**,** नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

२७.९ **हस्तान्तरण नहुने योजना** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा त्यस्ता कार्यको मर्मत सम्भार समेत उपभोक्ता समितिबाट गराउने गरी मात्र खरिद सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ। नमूना परीक्षणको क्रममा पालिकाले यस वर्ष सरकारी संरचनाको निर्माण तथा हस्तान्तरण गर्न नमिल्ने र उपभोक्ता समितिले मर्मत सम्भार नगर्ने देहाय बमोजिमा

कार्य उपभोक्ता समितिबाट गराएको पाईयो। यसरी योजना निर्माण गरी उपभोक्ता समितिबाट खरिद कार्य गरेको नियमसंगत मान्न सकिदैन। यस्ता कार्यमा सुधार गर्नुपर्दछ।

भौ.नं. र मिति	**उपभोक्ता समिति**	**कामको विवरण**	**भुक्तानी रकम**
४८(२०८१।१२।२६)	आधारभूत स्वास्थ्य केन्द्र डेल्टाको फोहोर खाल्डो र गेट निर्माण प्लाष्टर तथा मर्मत उपभोक्ता समिति	आधारभूत स्वास्थ्य केन्द्र डेल्टाको फोहोर खाल्डो र गेट निर्माण प्लाष्टर तथा मर्मत	१८९४७२
५०(२०८१।१२।२९)	महेन्द्र आ.वि. घेरबार उ.स.	महेन्द्र आ.वि. घेरबार	२३८५०३
१०३(२०८२।०३।०१)	वडा कार्यालयको फिल्ड निर्माण उ.स.	वडा कार्यालयको फिल्ड निर्माण	८०८०००
८८(२०८२।०२।१२)	वडा कार्यालयको चैन गेट निर्माण उ.स.	वडा कार्यालयको चैन गेट निर्माण	४७५८४०
१०३(२०८२।०३।०६)	वडा कार्यालय फिल्ड निर्माण उ.स.	वडा कार्यालय फिल्ड निर्माण	१४१३८१
१६२(२०८२।०३।२०)	बडिमालिका क्याम्पस शौचालय निर्माण उ.स.	बडिमालिका क्याम्पस शौचालय	४७३२९३
१७१(२०८२।०३।२३)	वडा कार्यालय घेरबार निर्माण उ.स.	वडा कार्यालय घेरबार निर्माण	११४६००

२८ जनप्रतिनिधिको बिमा भुक्तानी

सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ को दफा ३ को उपदफा १ मा नगरपालिकाका पदाधिकारीले पाउने सेवा सुबिधा सम्बन्धी व्यवस्थामा म्यादी जीवन बीमाको व्यवस्था गरेको छैन । नगरपालिकाका तपसिल बमोजिमका ५४ जना जनप्रतिनिधिको सामुहिक यात्रा दुर्घटना म्यादी जीवन बिमा गरेको गो.भौ.नं. ७ (न.पा.चालु), २०८१।०७।२७ मार्फत हिमालयन लाइफ इन्सयोरेन्स लिमिटेडलाई रू. ६३९५७६।०० भुक्तानी दिएको छ । साथै उमेर बढी भएका कारण मेडिकल रिपोर्ट बनाउनुपर्ने भएका कारण मेडिकल शुल्क रू.१९३२०।०० भुक्तानी भएको देखियो। अतः नियममा नभएको बीमा भुक्तानी र मेडिकल शुल्क सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रू.

क्र.सं.	जनप्रतिनिधिको नाम थर	ठेगाना	पद	बीमा शुल्क रु.	मेडिकल शुल्क	जम्मा
१	श्री राम बहादुर बानियाँ	बु.न.पा. - ८	नगरप्रमुख	११८४४		११८४४
२	श्री माया खड्का कुँवर	बु.न.पा. -३	नगर-उपप्रमुख	११८४४		११८४४
३	श्री रण बहादुर थापा	बु.न.पा. - १	वडा नं १ वडा अध्यक्ष	११८४४		११८४४
४	श्री पदम भण्डारी	बु.न.पा. - २	वडा नं २ वडा अध्यक्ष	११८४४		११८४४
५	श्री खडक बहादुर अधिकारी	बु.न.पा. - ३	वडा नं ३ वडा अध्यक्ष	११८४४		११८४४
६	श्री मिन बहादुर शाह	बु.न.पा. - ४	वडा नं ४ वडा अध्यक्ष	११८४४		११८४४
७	श्री चक्र बहादुर थापा	बु.न.पा. - ५	वडा नं ५ वडा अध्यक्ष	११८४४		११८४४
८	श्री हेमराज जैशी	बु.न.पा. - ६	वडा नं ६ वडा अध्यक्ष	११८४४		११८४४
९	श्री भवनसिंह के.सि.	बु.न.पा. - ७	वडा नं ७ वडा अध्यक्ष	११८४४		११८४४
१०	श्री रमेश रावल	बु.न.पा. - ८	वडा नं ८ वडा अध्यक्ष	११८४४		११८४४
११	श्री मिन बहादुर सिंह	बु.न.पा. - ९	वडा नं ९ वडा अध्यक्ष	११८४४		११८४४
१२	श्री दल बहादुर साउँद	बु.न.पा. - २०	वडा नं १० वडा अध्यक्ष	११८४४		११८४४
१३	श्री शुसिला कुमारी मिजार	बु.न.पा. - ५	कार्यपालिका सदस्य	११८४४		११८४४
१४	श्री सर्पजित सार्कि	बु.न.पा. - ७	कार्यपालिका सदस्य	११८४४		११८४४
१५	श्री विष्णु उखेडा	बु.न.पा. - ५	कार्यापालिका सदस्य	११८४४		११८४४
१६	श्री अप्सरा थापा	बु.न.पा. - २	कार्यपालिका सदस्य	११८४४		११८४४
१७	श्री निरुता सुनार	बु.न.पा. - ६	कार्यापालिका सदस्य	११८४४		११८४४
१८	श्री वसन्ती पाध्याय	बु.न.पा. - १	कार्यपालिका सदस्य	११८४४		११८४४
१९	श्री प्रेम दमाई नेपाली	बु.न.पा. - ३	कार्यपालिका सदस्य	११८४४		११८४४
२०	श्री बुदी देवि नेपाली	बु.न.पा. - ९	कार्यापालिका सदस्य	११८४४		११८४४
२१	श्री दिनेश परी	बु.न.पा. - १	नगरसभा सदस्य	११८४४		११८४४
२२	श्री जलु आग्री	बु.न.पा. - १	नगरसभा सदस्य	११८४४		११८४४
२३	श्री लोकेन्द्र बहादुर सिंह	बु.न.पा. - १	नगरसभा सदस्य	११८४४		११८४४
२४	श्री धर्मराज जोशी	बु.न.पा. - २	नगरसभा सदस्य	११८४४		११८४४
२५	श्री चिनीपरी वि.क.	बु.न.पा. - २	नगरसभा सदस्य	११८४४		११८४४
२६	श्री खडक बहादुर रावत	बु.न.पा. - २	नगरसभा सदस्य	११८४४		११८४४
२७	श्री कल्पना देवी थापा	बु.न.पा. - ३	नगरसभा सदस्य	११८४४		११८४४
२८	श्री धना देवी उखेडा	बु.न.पा. - ३	नगरसभा सदस्य	११८४४	२७६०	१४६०४
२९	श्री हरिकेश दमाई	बु.न.पा. - ३	नगरसभा सदस्य	११८४४		११८४४
३०	श्री भक्त भण्डारी	बु.न.पा. - ३	नगरसभा सदस्य	११८४४		११८४४

३१	श्री शेर बहादुर खाती	बु.न.पा. - ४	नगरसभा सदस्य	११८४४		११८४४
३२	श्री मोती बहादुर रावत	बु.न.पा. - ४	नगरसभा सदस्य	११८४४		११८४४
३३	श्री सुनिता कुमारी सुनार	बु.न.पा. - ४	नगरसभा सदस्य	११८४४		११८४४
३४	श्री मोतीकला थापा	बु.न.पा. - ४	नगरसभा सदस्य	११८४४		११८४४
३५	श्री सीता कुमारी थापा रावत	बु.न.पा. - ५	नगरसभा सदस्य	११८४४		११८४४
३६	श्री धन बहादुर थापा	बु.न.पा. - ५	नगरसभा सदस्य	११८४४	२७६०	१४६०४
३७	श्री कर्ण बहादुर सार्की	बु.न.पा. - ५	नगरसभा सदस्य	११८४४	२७६०	१४६०४
३८	श्री देव बहादुर बोहरा	बु.न.पा. - ६	नगरसभा सदस्य	११८४४		११८४४
३९	श्री पार्वती पाध्या	बु.न.पा. - ६	नगरसभा सदस्य	११८४४		११८४४
४०	श्री जौलादेवी सार्की	बु.न.पा. - ७	नगरसभा सदस्य	११८४४	२७६०	१४६०४
४१	श्री उपेन्द्र बहादुर कटुवाल	बु.न.पा. - ७	नगरसभा सदस्य	११८४४		११८४४
४२	श्री अर्जुन बहादुर खड्का	बु.न.पा. - ७	नगरसभा सदस्य	११८४४		११८४४
४३	श्री बिन्दा देवी बिष्ट	बु.न.पा. - ७	नगरसभा सदस्य	११८४४		११८४४
४४	श्री आइते बुढा	बु.न.पा. - ८	नगरसभा सदस्य	११८४४		११८४४
४५	श्री राम बहादुर थापा	बु.न.पा. - ८	नगरसभा सदस्य	११८४४		११८४४
४६	श्री माली कुमाल	बु.न.पा. - ८	नगरसभा सदस्य	११८४४		११८४४
४७	श्री गुमा सुनार	बु.न.पा. - ८	नगरसभा सदस्य	११८४४	२७६०	१४६०४
४८	श्री दाने सेराला	बु.न.पा. - ९	नगरसभा सदस्य	११८४४		११८४४
४९	श्री उमादेवी पाध्या	बु.न.पा. - ९	नगरसभा सदस्य	११८४४		११८४४
५०	श्री मीन बहादुर थापा	बु.न.पा. - ९	नगरसभा सदस्य	११८४४	२७६०	१४६०४
५१	श्री गंग वि.क.	बु.न.पा. - १०	नगरसभा सदस्य	११८४४	२७६०	१४६०४
५२	श्री गंगा देवी जैशी	बु.न.पा. - १०	नगरसभा सदस्य	११८४४		११८४४
५३	श्री जगु सार्की	बु.न.पा. - १०	नगरसभा सदस्य	११८४४		११८४४
५४	श्री खडक रावत	बु.न.पा. - १०	नगरसभा सदस्य	११८४४		११८४४
जम्मा				६३९५७६	१९३२०	६५८८९६

असुल गर्नुपर्ने	६,५८,८९६

२९ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले यो वर्ष सफ्टवेयर खरिद गरी देहायबमोजिम रू. ६४०७१०।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा

प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै लागत अनुमान पनि नबनाएर खरिद गरेकोले नियम सम्मत देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिएर मात्र प्रयोग गर्नुपर्दछ।

३० **PAMS मा दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७८ अनुसार सवै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तिको लेखाकंन प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ प्रदेशका सवै कार्यालयहरू एवं सवै स्थानिय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आर्थिक वर्ष २०७७।७८ देखि अनिवार्य रूपमा लागु गर्नुपर्ने निर्णय भए तापनि देहायका जिन्सी सामान उक्त प्रणालीमा प्रविष्टि गरेको छैन। सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्न खरिद भएका सवै जिन्सी सामाग्रीहरू अनिवार्य रूपमा PAMS मा दाखिला गर्नुपर्ने हुदा दाखिला प्रमाण पेश गर्नुपर्ने रू.

गो.भा.नं.।मिति	विवरण	दर	रकम (मु.अ.कर बाहेक)	आपुर्तिकर्ता
४५४-२०८२।३।२	स्टील दराज २ थान	११३००	२२६००	के.एन.हार्डवेयार ऐण्ड सप्लायर्स
	रिभोल्भिङ चेयर ६ थान	५३१०	३१८६०	
	जुट कार्पेट ४० मि	४६०	१८८००	
	पि फर्म ४० मि	१२०	४८००	
५७२-२०८२।३।१७	Optiplex tower 7010 I3, 13th gen, 16TB NVME SSD	६४६०१	६४६०१	Standard Computer International Pvt. Ltd
	Router Archer	५७५०	७०३५३	
	टेबल	१६०००	१६०००	पुजा स्टिल उद्योग
२३२-२०८२।३।६ (संघीय चालु)	नगरपालिकाको विकास कचहरी वृतचित्र निर्माण		३३९०००	सरल मिडिया प्रा.लि.
जम्मा			५६८०१४	

प्रमाण पेश नगरेको	५,६८,०१४

३१ **प्यान बिलमा कारोबार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले बीस हजार रुपैयाँ भन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आर्थिक वर्षमा देहायका फर्म/सप्लायर्सबाट PAN Bill मा बीस हजार भन्दा बढीको कारोबार गरी रु.३९९०४०।०० भुक्तानी गरेको छ । पालिकाले नियमावलीको व्यवस्था बमोजिम २० हजार भन्दा बढीको कारोबार मूल्य अभिवृद्धि कर दर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

गो.भौ.नं./मिति	सप्लायर्स/फर्म	भुक्तानी रकम	कैफियत
५२९-२०८२।३।१३	द समृद्धि मार्ट	३९९०४०	उपप्रमुख प्रसुति स्याहार कोसेली कार्यक्रममा खरिद गरका बिलहरु

अनियमित भएको	३,९९,०४०

३२ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय

उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था अनुसार नगरपालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नुपर्ने ब्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गतवर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू.४३,५५,४३४।०० भुक्तानी दिएको छ। आगामी वर्ष दायित्व सिर्जना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

क्र.सं.	**कार्यक्रम/आयोजना/क्रियाकलापको नाम**	**खर्च रु.**
१	गतआवको कोटवाडा खानेपानी योजनाको भुक्तानी तथा सडक सरसफाई	७७०००
२	गतआवको पुजा स्टिल फर्निचरबाट स्टिल फर्निचर खरिद	२५६१००
३	गतआवको नेपाल एग्रो फर्मालाई भुक्तानी	३२९१९६
४	गतआवको जागृति/एम के /नेपाल जे.भिलाई भुक्तानी	१२४९९९
५	गतआवको सराफत अटो मोबाइल्सलाई गाडी मर्मतको भुक्तानी	१२९०००.
६	गतआवको न्यौपाने तरकारी तथा फलफूलको भुक्तानी	१६७७०
७	गतआवको थुमा खानेपानी मर्मतबाट जनक बहादुर थापालाई भुक्तानी	६५०००
८	गतआवको बाम्का सडक नगरपालिका योजनाको भुक्तानी	२५१७७४३
९	गतआवको स्वास्थ्य संस्थाहरुमा टेलिमेडिसिन सेवा सञ्चालनको भुक्तानी	४३६००
१०	गतआवको जे बि मिडियाबाट मसलन्द खरिदको भुक्तानी	८१४६०
११	गतआवको बाजुरा क्याम्पसको दैनिक कार्य संचालन तथा खेल कार्यक्रमका लागि सहयोग	५००००
१२	गतआवको के एम हार्डवेयर ऐण्ड सप्लायर्सलाई भुक्तानी	४८०००
१३	गतआवको क्षेरकुली खानेपानी ट्याकीं निर्माणको भुक्तानी	२५२०००
१४	गतआवको मष्टेश्वरी आ.वि. खानेपानी योजनाको भुक्तानी	४७५००
१५	गतआवको वडा नं. ३ को गत विगतको आवको बैठक भत्ता भुक्तानी	१३२०००
१६	गतआवको बडिमालिका क्याम्पसको तटबन्ध तथा घेरबार निर्माण	१८५०६६.
जम्मा		४३५५४३४.

३३ **बहाल कर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहाय बमोजिम सवारी साधन भाडामा लिई १० प्रतिशत वहाल कर रु. ९२७०।०० कट्टि गरेतापनि दाखिला गरेको देखिएन । उक्त वहाल कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रू.

गो.भा.नं.। मिति	आपुर्तिकर्ताको नाम	खर्च रु	१०% बहाल कर	कैफियत
२१-२०८१।६।२१	सेती कर्णाली ढुवानी सेवा	२९७००	२९७०।००	
६५१-२०८२।३।२९	खडक बहादुर बम (सुचना प्रविधि अधिकृत)	२३०००	२३००।००	बहाल कर काटेर दाखिला नगरेको
६५५-२०८२।३।३२	शंकर बहादुर शाही	४००००	४०००।००	बहाल कर काटेर दाखिला नगरेको
जम्मा			९२७०।००	

प्रमाण पेश नगरेको	९,२७०

३४ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाबाट प्राप्त विवरण अनुसार कुनै कार्याविधी नबनाई पालिका प्रमुख/अध्यक्षको तोक आदेशमा कार्यपालिकाको निर्णयबाट ८ जना व्यक्तिलाइ रू.४५०००० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. ३०९२९३९।६५ को १४.५५ प्रतिशत हुन आउँछ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनुपर्दछ।

३५ **जरिवाना (सवारी बीमा तथा नवीकरण)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । यस वर्ष पालिकाले गो.भा.नं.६६१-२०८२।३।३२ सवारी साधनको बीमा तथा नवीकरण समयमै गर्नुपर्नेमा ढिलो गरि बीमा तथा नवीकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले ढिलो गरि बीमा तथा नवीकरण जरिवाना स्वरूप रू. १३००७०।- भुक्तानी गरेको छ ।यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

अनियमित भएको	१,३०,०७०

३६ **मूअकर कट्टि**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मूअकर रकमको ३० प्रतिशत कट्टि गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि मूअकर रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत कट्टा गरी दाखिला गरेको नदेखिएकोले सम्बन्धित आपुर्तिकर्ता वा निर्माण व्यवसायीबाट मूअकर समायोजन पत्र पेश गर्नुपर्दछ।

भौभौन तथा मिति	मू. अ. कर भुक्तानी प्राप्त गर्ने व्यक्तिको नाम	खरिद गरिएको वस्तु तथा सेवा	भुक्तानी भएको मू. अ.कर रु.
३४६-२०८१।१२।२८	सराफत अटो मोबाइल्स	सवारी साधन मर्मत	४२६२९.६
११५-२०८१।९।१८	जे बि मल्टिप्रपोज	ट्रफि, मेडल, हाईजम्प सेट आदि	१७६१५
जम्मा			६०२४४.६

प्रमाण पेश नगरेको	६०,२४४.६

३७ **फरक शीर्षक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शीर्षकबाट खर्च गर्नु र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शीर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले खर्चको प्रकृति मिल्दोजुल्दो शीर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा देहायअनुसार फरक शीर्षकबाट रु ८३९६८०।०० खर्च लेखेको छ । पालिकाले फरक शीर्षकवाट खर्च गरेको देखिएकोले उक्त रकम नियमसम्मत नदेखिएको रू.

गो.भा.नं./मिति	विवरण	खर्च रु
१८२-२०८१।१०।१५	औषधी खरिदबाट गाडी भाडा भुक्तानी	३००००
२५८-२०८१।१२।७	निशुल्क औषधी खरिदबाट गाडी भाडा भुक्तानी	२८०००
३१५-२०८१।१२।२०	गत आव को निकाशा,फिर्ता,बाँकी भुक्तानी र कर कट्टी दाखिलाबाट सवारी साधन मर्मत	३२०००
३३९-२०८१।१२।२६	स्थानीय भत्ताबाट रनिङ शिल्ड प्रतियोगिता	४०००००
६६२-२०८२।३।३२	पदाधिकारी बिमाखर्चबाट बिमा तथा नविकरण खर्च	२३०६८०
३६-२०८२।३।२५	केन्द्रबाट छनौट भएका नमुना विद्यालयमा विषय सञ्चालनका लागि समेतको बजेटबाट भ्रमण खर्च(संघीय पुँजीगत)	११९०००
जम्मा		**८३९६८०**

अनियमित भएको	८,३९,६८०

३८ प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। नगरपालिकाले दिवा खाजा भान्छे प्रोत्साहन शीर्षकमा कार्यपालिकाको निर्णयले २९ विद्यालयहरुलाई रू.४५९०८६।०० भुक्तानी गरेको देखियो। नगरपालिकाको विद्यालयमा रहेका कार्यालय सहयोगीको संख्या तथा कार्यबोझ एवं आन्तरिक स्रोत समेतको विश्लेषण गरी दिवा खाजा भान्छे प्रोत्साहन खर्च लेख्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बुढीगंगा नगरपालिका, बाजुरा , बुढीगंगा नगरपालिका , बाजुरा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नरेन्द्र नाथ	२०७९-५-१०	२०८१-१०-२३
कार्यालय प्रमुख	अम्मरराज जोशी	२०८१-११-२५	हाल सम्म कार्यरत
लेखा प्रमुख	पुर्णचन्द्र जैशी	२०७६-१०-१५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,२४८,२२१.५७	५,८०९,९९०	१२,३७२,८९७.६६	०	२,३०५,३२४	८००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२४,५३६,४३३.२३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२४,५३६,४३३.२३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२६२२०५७३.७२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३८६४९९८३२	चालु खर्च	३४९१५३३३१.७३
प्रदेश सरकारबाट अनुदान	४०२५६७५१.५	पूँजीगत खर्च	१६४७५४४४१
राजश्व बाँडफाँट	८३३८२३४६.३२	वित्तीय/अन्य व्यवस्था	१५९१३६९७९.५९
आन्तरिक आय	३०९२९३९.०		
अन्य आय	१२४९६४६०८.६७		
कुल आय	६३८१९६४७७.४९	कुल खर्च	६७३०४४७५२.३२
बाँकी मौज्दात		-८६२७७०१.११	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।(सुत्रमा देखिएको)

क्र.स./ आर्थिकसङ्केत	विवरण	चालुआ.ब.को कारोबार			गतआ.ब. को कारोबार		
		नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति						
११०००	कर	८,६०,९४,०३८.७०	०	८,६०,९४,०३८.७०	८,३७,८३,२४६.८०	०	८,३७,८३,२४६.८०
१३०००	अनुदान	४०,५१,०४,१४८.९३	३,०१,९५०.७१	४०,५४,०६,०९९.६४	३६,८९,००,८५६.४०	०	३६,८९,००,८५६.४०
१४०००	अन्यराजस्व	३,८१,२४७.२७	०	३,८१,२४७.२७	२,५४,७४१.८४	०	२,५४,७४१.८४
क	**कुलजम्मा प्राप्ति**	४९,१५,७९,४३४.९०	३,०१,९५०.७१	४९,१८,८१,३८५.६१	४५,२९,३८,८४५.०४		४५,२९,३८,८४५.०४
३	चालु	३४,९१,५३,३३१.७३	३,०१,९५०.७१	३४,९४,५५,२८२.४४	३६,२९,४४,१६९.१६	०	३६,२९,४४,१६९.१६
२१०००	पारिश्रमिक / सुविधा	१८,२३,६८,०००.०७	३,०१,९५०.७१	१८,२६,६९,९५०.७८	१६,५९,४२,०६५.०५	०	१६,५९,४२,०६५.०५
२२०००	मालसामानतथा सेवाको उपयोग	१६,२१,००,९०८.६६	०	१६,२१,००,९०८.६६	१८,७०,०४,०८१.११	०	१८,७०,०४,०८१.११
२५०००	सहायता (Subsidy)	०	०	०	१४,९३,६३१.००	०	१४,९३,६३१.००
२७०००	सामाजिकसुरक्षा	४०,८३,८५३.००	०	४०,८३,८५३.००	७०,७९,६८०.००	०	७०,७९,६८०.००
२८०००	अन्यखर्च	६,००,५७०.००	०	६,००,५७०.००	१४,२४,७१२.००	०	१४,२४,७१२.००
४	पूंजीगत	१६,४७,५४,४४१.००	०	१६,४७,५४,४४१.००	१९,२५,४७,४५८.२७	०	१९,२५,४७,४५८.२७
३१११०	भवनतथा संरचना	६२,८२,३०२.००	०	६२,८२,३०२.००	१,४४,७९,२६५.२८	०	१,४४,७९,२६५.२८
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१,६९,०६,३४९.००	०	१,६९,०६,३४९.००	३९,४६,८३६.००	०	३९,४६,८३६.००
३११३०	अन्यपूँजीगत खर्च	४०,००,०००.००	०	४०,००,०००.००	३,२६,२३९.००	०	३,२६,२३९.००
३११५०	सार्वजनिकनिर्माण	१३,७५,६५,७९०.००	०	१३,७५,६५,७९०.००	१७,३७,९५,११७.९९	०	१७,३७,९५,११७.९९
ख)	**कुलजम्मा भुक्तानी**	५१,३९,०७,७७२.७३	३,०१,९५०.७१	५१,४२,०९,७२३.४४	५५,५४,९१,६२७.४३		५५,५४,९१,६२७.४३

ग)	**बचत /कमी (ग = क-ख)**	(२,२३,२८,३३७.८३)		(२,२३,२८,३३७.८३)	(१०,२५,५२,७८२.३९)		(१०,२५,५२,७८२.३९)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)**	(१,२५,१९,९३७.००)		(१,२५,१९,९३७.००)	६,१८,४७८.३२		६,१८,४७८.३२
घ.१)	**कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी**	(९७,०५,१९९.७९)		(९७,०५,१९९.७९)	(२६,७३,३४५.७९)		(२६,७३,३४५.७९)
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	(३,४८,४८,२७४.८३)		(३,४८,४८,२७४.८३)	(१०,१९,३४,३०४.०७)		(१०,१९,३४,३०४.०७)
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**	२,६२,२०,५७३.७२		२,६२,२०,५७३.७२	१२,८१,५४,८७७.७९		१२,८१,५४,८७७.७९
छ)	**विनिमयनाफा/ घाटा तथा अन्य समायोजन**						
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	(८६,२७,७०१.११)		(८६,२७,७०१.११)	२,६२,२०,५७३.७२		२,६२,२०,५७३.७२

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।